सबै मिलेर हिमनदीको संरक्षण गर्नुपर्दछः मन्त्री यादव | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक २९५ • २०८१ साल चैत १० गते आइतवार (23 March, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## पूर्वराजा ज्ञानेन्द्रलाई आफ्नो सीमाभित्र बस्न चेतावनी

टुडे समाचारदाता



जनकपुरधाम । नेपाली काँग्रेसका पूर्वउपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिले पूर्वराजा ज्ञानेन्द्र शाहलाई सीमा भित्र बस्न चेतावनी दिएका छन् ।

जनकपुरधाममा शनिबार एक कार्यक्रममा बोल्दै सांसदसमेत रहेका नेता निधिले नेपालमा राजतन्त्र फर्किन नसक्ने भन्दै पूर्वराजा ज्ञानेन्द्रलाई आफ्नो सीमाभित्र नै रहन चेतावनी दिए । उनले अरू देशमा राजतन्त्रको अन्त्य हुँदा कस्तो दूर्गति भएको थियो भन्ने कुरा पूर्व राजाले हेक्का राक्नु पर्ने बताए ।

नेता निधिले गणतन्त्रको जग बलियो रहेकोले नेपालमा राजतन्त्र र राणा शासन फर्किन सम्भव नभएको बताए । नेता निधिले भने, 'जनताबाट नै राजा अपदस्थ मात्र होइन, अस्वीकृत भइसकेका छन् ।' उनले नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवकै जिल्लाबाट गणतन्त्र आएको चर्चा गर्दै यसको स्थायित्व पनि त्यतिकै बलियो रहेको दाबी गरे ।

नेता निधिले भने, 'अरू देशमा राजतन्त्र अन्त्य हुँदा राजाहरूको कस्तो दूर्गति भएको छ । त्यसैले आफ्नो सीमालाई राजाले बुझ्नुपर्छ । नेपालमा राजतन्त्र समाप्त भइसकेको छ । नेपालमा जनताद्वारा निर्वाचित सार्वभौम संसदद्वारा राजतन्त्र अस्वीकृत भइसकेको छ । गणतन्त्र आइसकेपछि हाम्रै जिल्लाका डा. रामवरण यादव प्रथम राष्ट्रपति हो गणतन्त्रको । जनताले साथ दिएर मात्रै यो नेपाल बनेको हो । राजाले केही गर्न सक्दैन ।'

नेता निधिले तत्कालीन राजाहरूमा पृथ्वीनारायण शाहलाई सम्मान गर्नुपर्ने पनि बताए । उनले नेपालमा राजतन्त्रबारे जेजति प्रचारवाजी गरे पनि त्यो सम्भव नभएको दोहोऱ्याए ।

नेता निधिले देशको मालिक जनता भएकाले व्यक्ति देशको मालिक बन्न नसक्ने स्पष्ट पारे ।

### 'राजतन्त्र भूत हो, भूत भ्रम हो'

# लोकतन्त्रलाई सुरक्षित गर्न सबै एकजुट हुन आवश्यकः डा. भट्टराई

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा.बाबुराम भट्टराईले राजतन्त्र भूत भइसकेकाले फर्किने कुनै सम्भावना नरहेको बताएका छन् ।

जनकपुरधाममा शनिबार पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष डा. भट्टराईले राजतन्त्र भूत रहेकाले फेरि पछाडि फर्किने कुरा सम्भव नभएको दाबी गरे ।

अध्यक्ष डा. भट्टराईले भने, 'लोकतन्त्रलाई सुरक्षित गर्न सबै एकजुट हुन आवश्यक छ । राजतन्त्र भूत हो, भूत भ्रम हो । यस्तो भ्रम बोकेर हिँड्नेहरू निराशा र काल्पनिक सपनामा बाँच्छन्, जसको वास्तविक संसारसँग न सम्बन्ध छ न त कुनै किसिमको सम्भावना हुन्छ ।'

उनले आजभन्दा तीन गुणा बढी भ्रष्टाचार राजा र राणाहरूको पालामा हुने गरेको आरोप लगाए ।

अध्यक्ष डा. भट्टराईले बुढो भएर मर्न लागेको बाख्राको पुच्छर छट्पटाउनु र राजतन्त्र फेरि फर्केर आउनु उस्तै भएको बताए । उनले बूढो रुख सुक्ने बेलामा हल्लिनु र राजतन्त्र फर्किनु उस्ता-उस्तै भएको टिप्पणी गरे ।

नेपाल समाजवादी पार्टीका (नयाँ शक्ति) प्रथम महाधिवेशनको भाव सम्प्रेषण कार्यक्रममा अध्यक्ष डा. भट्टराईले राणा र राजाहरूको पालामा अहिलेभन्दा तीन गुणा बढी भ्रष्टाचार भए पनि बन्द व्यवस्थाका कारण उनीहरूका गलत क्रियाकलाप जनतासम्म पुग्नै नसकेकोले जनताले थाहै नपाएको बताए । अध्यक्ष डा. भट्टराईले भने, 'आजभन्दा तीन गुणा बढी भ्रष्टाचार राजा र राणाहरूको पालोमा हुन्थ्यो। तर उनीहरूको गलत कामहरू जनतासम्म पुग्दैनथ्यो ।'



उनले भने, 'आफ्ना गलत अभ्यास लुकाउन नागरिकलाई शिक्षाको अवसरबाट बञ्चित गराएर भ्रष्टाचार गर्थे, 'जनतालाई शिक्षाबाट नै बञ्चित गराइयो । अहिले जनता पढ्न-लेख्न पाएको छ बोल्न पाएको छ । तर पहिले त राजाहरूले आफ्नै सत्ता सुरक्षित राख्नका लागि खोलिएका केही विद्यालयहरूमा उनीहरूकै भाइभारदार मात्र पढ्न पाउँथे । अहिले कम्तीमा सबै कहाँ शिक्षाको पहुँच पुग्न सकेको छ । उनले राजतन्त्र भूत रहेकाले यस्ता भ्रम बोकेर हिड्नेहरु निराशा र काल्पनिक सपनामा बाँच्ने प्रयत्नमा लागेको बताए ।

अध्यक्ष डा. भट्टराईले विकास र समृद्धिको एजेन्डा दलहरूको नभएका कारण दलहरुप्रति वितृष्णा बढ्दै गएको बताए । उनले प्रत्यक्ष कार्यकारी पक्षमा प्रचण्डसँगै रहे पनि कार्यगत एकता हुने सम्भावना नभएको बताए । डा. भट्टराईले भने, ' प्रचण्डसँग निजी सम्बन्ध राम्रो छ, तर पुरानो सोचमा बाँचिरहनु भएकोले विचार नमिलेको हो । माओवादी विचार पुरानो भइसकेकोले अब नयाँ विचार लिएर अघि बढ्नुपर्ने हो भनेको हो मैले, प्रचण्ड थोत्रे पुरानो गाडी लिएर हिँड्न खोजेकोले अब मैले चाहिँ पुराना गाडीमा बस्न नखोजेको हो ।'

उनले भ्रष्टाचारको दुष्चक्रले गर्दा जनता निराश रहेको बताए । उनले नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र) र पहिचानवादी आन्दोलनबाट आएका राजनीतिक दलहरू पनि विस्तारै थाक्दै गल्दै गएको बताए ।

उनले त्यसको विकल्प संघीय लोकतान्त्रिक गणतन्त्रमा टेकेर बनेको अग्रगामी राजनीतिक दल भएको बताए । उनले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली भइदिएको भए स्थिरता आउने दाबी समेत गरे । संघीयतासम्बन्धी आवश्यक नियम, कानून आदि बेलामा नबनाइदिँदा ठिक ढंगले कार्यान्वयन हुन नसकेको बताए ।

डा. भट्टराईले भने, 'अहिले काँग्रेस, एमाले, माओवादी र पहिचानवादी आन्दोलनमा आएका साथीहरूको नेतृत्व पनि विस्तारै थाक्दै गल्दै निष्क्रिय र गतिहीन जस्तो बनेको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली भइदिएको भए स्थिरता आउँथ्यो । त्यो हुन नसक्नु एउटा कारण हो । अर्को संघीयतामा गयौँ तर संघीयतासम्बन्धी आवश्यक नियम, कानून आदि बेलामा नबनाइदिँदा त्यसको ठिक ढंगले कार्यान्वयन भएको छैन ।' उनले अहिलेको संघीयता अपूरो रहेको टिप्पणी पनि गरे ।

उनले आफूले राज्यबाट कुनै सुविधा नलिएको दाबी गर्दै कतिपयले अपारदर्शी ढंगले नियम कानुन नबनाइ पटके हिसाबले गैरकानुनी ढंगले पैसा आर्जन गरेको प्रति दुःख व्यक्त गरे । हिन्दु धर्मको विषयमा उनले भने, 'राज्यको कुनै धर्म हुँदैन । व्यक्तिको धर्म हुन्छ । पार्टीको धर्म हुँदैन । व्यक्तिको आस्था मात्र हुन्छ ।'






# कांग्रेस सभापति देउवाद्वारा दुःख व्यक्त

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वरिष्ठ पत्रकार एवं राजनीतिकर्मी माथवरसिंह बस्नेतको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ ।

नेपालमा लोकतन्त्र स्थापना, पार्टी सङ्गठन तथा पत्रकारिता क्षेत्रमा स्वर्गीय बस्नेतले पुऱ्याउनुभएको योगदानको स्मरण गर्दै सभापति



देउवाले उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको हो । उहाँले दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति पार्टी र आफ्नोतर्फबाट गहिरो समवेदना प्रकट गर्नुभएको कांग्रेसले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बस्नेत कांग्रेस जिल्ला कार्यसमिति भक्तपुरका पूर्वसदस्य, नेपालको लोकतान्त्रिक आन्दोलनका योद्धासमेत हुनुहुन्थ्यो । भक्तपुरको सूर्यविनायक नगरपालिका-८ निवासी स्वर्गीय बस्नेत गणेशमान सिंहको नजिकमा रहेर लामो समयदेखि राजनीतिमा सक्रिय रहँदै आउनुभएको थियो ।

'गणेशमान सिंह-मेरो कथाका पाना' नामक पुस्तकका लेखकसमेत रहनुका उहाँ गोरखापत्र संस्थान, प्रेस काउन्सिल नेपाल र राससको पूर्वअध्यक्ष तथा पुर्नजागरण साप्ताहिकका संस्थापक सम्पादक हुनुहुन्थ्यो ।प्रजातन्त्र पुनःस्थापनाको सङ्घर्षका क्रममा राजकाज मुद्दामा आजीवन जेलको सजायका बाबजुद आफ्नो जीवनकालमा राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजका विभिन्न क्षेत्रमा बस्नेतले पुऱ्याउनुभएको योगदानको मूल्याङ्कन गर्दै कांग्रेसले दिवङ्गत आत्माको चिरशान्तिको कामनाका साथ उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ ।

उहाँको निधनबाट कांग्रेसले प्रजातान्त्रिक आन्दोलनका एक अथक योद्धा, पत्रकारिता क्षेत्रका अग्रज र अनुभवी व्यक्तित्वलाई गुमाएको पार्टीका कार्यवाहक मुख्यसचिव डा प्रदीप पराजुलीले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।बस्नेतको हृदयघातका कारण ७९ वर्षको उमेरमा शनिबार बिहान काठमाडौँस्थित अन्नपूर्ण न्युरो अस्पतालमा उपचारका क्रममा निधन भएको थियो ।रासस

# भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) दिवस मनाइयो




काठमाण्डु । काठमाडौँस्थित भारतीय राजदूतावासद्वारा शुक्रबार साँझ एक समारोहकाबीच ६०औँ भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) दिवस मनाएको छ ।

समारोहमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भारतमा अध्ययन गर्दाको आफ्नो अनुभवलाई स्मरण गर्दै विकास र शिक्षाको क्षेत्रमा भारत सरकारको असत्‌्य पहलको लागि कृतज्ञता व्यक्त गर्नुभयो ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले आइटेक पहललाई थप विस्तार गर्ने र नेपाल सरकारको विकसित प्राथमिकताअनुसार थप अनुकूलित कार्यक्रम प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । महान्यायाधिवक्ता रमेश बडाल, राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका सहायक संयोजक तथा आइटेकका पूर्वविद्यार्थी सहायक रथी पवन खत्री र सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी उपरीक्षक दयाराम शर्माले आइटेकका बारेमा आफ्ना अनुभव सुनाउनुभयो ।

समारोहमा भारतीय सांस्कृतिक सम्बन्ध परिषद्वारा समर्थित प्रख्यात कलाकार कुलेश्वरकुमार ठाकुरको नेतृत्वमा भारतको सांस्कृतिक समूह 'यज्ञ'द्वारा मनमोहक मयूरभञ्ज छाऊ नृत्य प्रस्तुति गर्नुका साथै नेपालको प्रख्यात कान्त दब दब ब्यान्डद्वारा मन्त्रमुग्ध वाद्य लोक फ्युजन र ज्याज प्रस्तुत गरियो ।

सो अवसरमा सांसद, वरिष्ठ सरकारी अधिकारी, आइटेकका पूर्वविद्यार्थी र भारतीय शैक्षिक संस्थाका नेपाली पूर्वविद्यार्थी उपस्थित थिए ।

अन्तरराष्ट्रिय क्षमता निर्माणका लागि पुरानो संस्थागत व्यवस्थामध्ये एक रहेको आइटेक सन् १९६४ मा स्थापना भएका हो । जसले १६० भन्दा बढी देशका दुई लाख बढी अधिकारीलाई तालिम दिएको छ ।

सन् २०२४-२०२५ मा नेपालका ५१० जना विभिन्न पेशाकर्मीलाई भारतका विभिन्न प्रमुख संस्थानमा विभिन्न कोर्षको लागि तालिम दिइएको थियो ।

सन् २०२४-२०२५ मा भारतका १० प्रमुख संस्थानमा नेपालका चिकित्सक (५०), सरकारी वकिल (३०), राष्ट्रिय न्यायिक प्रतिष्ठानका सदस्य (१५), नेपाल प्रहरी (१४३), सशस्त्र प्रहरी बल (८०), गृह मन्त्रालय (२४), खानेपानी मन्त्रालय (४०) का लागि १८ अनुकूलित कोर्षको व्यवस्था गरिएको थियो ।

नेपालबाट विगत १५ वर्षमा तीन हजारभन्दा बढी अधिकारीलाई आइटेक अन्तर्गत तालिम दिइएको छ ।रासस

# 'चुरे विनाश हाम्रै कारण भयो'




**टुडे समाचारदाता**

जनकपुरधाम । सभामुख रामचन्द्र मण्डलले चुरेको विनाश हाम्रै कारणले विनाश भएको बताएका छन् ।

शनिबार जनकपुरधाममा आयोजीत चुरे तथा वनजंगल संरक्षण अभियानको पहिलो राष्ट्रिय सम्मेलनको खुला सत्रमा बोल्दै सभामुख मण्डलले चुरे मधेशको मात्रै नभएर मुलुककै प्राण भएकोले यसप्रति गम्भीर हुन आग्रह गरे । उनले चुरे संरक्षणका लागि संघ देखि प्रदेशसम्मले बनाईदै आएको योजना अधुरा रहेको बताउँदै यसका लागि इमान्दार हुनु आवश्यक रहेको बताए । उनले भने,' पानीको अभाव विना चुरे नासिँदै गएको र यसको रिचार्जका लाीग चुरे टाँसिएको नदिहरुलाई स्टोरेज गर्नुपर्ने आवश्यकता रहेको छ, स्टोरेजले माटोमा पनि फरक पार्ने भएकोले भुक्षयको समस्यापनि समाप्ता पार्नेछ र यसबाट वाटर लेभल पनि बढ्ने छ ।'

सो कार्यक्रममा मधेश प्रदेशसभा सदस्य रामअशिष यादवले चुरे विनाशतर्फ अग्रसर हुनुमा सरकार नै इमान्दार नरहेको बताए । संघीय सरकारले जानाजान मधेशलाई बर्बाद पार्ने उदेश्यले नै आवश्यक बजेट नदिएको र बजेट दिए पनि अधुरा योजनाहरु तयार पारी चुरे विनाशतर्फ अग्रसर गराएको उनको आरोप थियो । पूर्वराष्टपति डा.रामवरण यादवले प्रयास स्वरुप चुरे उत्थानका लागि समिति बनाउन लगाए पनि संघीय सरकारकै धुर्त प्रवृत्तिका कारण समिति निकम्मा सावित हुँदै गएको बताउँदै उनले निजगढमा रहेको सयौँ वर्ष पुरानो रुखहरुलाई ध्वस्त पार्न विश्वकै ठूलो विमानस्थल बनाउने योजना तयार पारी मधेशलाई समाप्त पार्ने योजना बनाएको बताए । उनले चुरे संरक्षीत भए मधेश संरक्षीत हुने भएकोले यसप्रति इमान्दार हुनु आवश्यक रहेको बताए ।

सो कार्यक्रममा चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले चुरे संरक्षणका लागि विगत सात वर्ष देखि आफू आन्दोलनरत रहँदा पनि यसको संरक्षणका लागि संघीय सरकारदेखि प्रदेश सरकारसम्म कोही पनि इमान्दार नरहेको आरोप लगाए ।

उनले भने, 'सबैले चुरे संरक्षणका लागि भाषण ठुला ठुला दिए पनि काम गर्ने बेलामा इमान्दारीता देखाउँदैन, सबैलाई थाहा छ, चुरे विनाशले मधेश विनाश हुने छ, तर पनि सबै भ्रष्टाचारमा लिप्त छन् ।' उनले भुमिहीनलाई भुमि बाड्ने नाममा माफियाहरुलाई वितरण गरिए पनि वास्तविक भुमिहीनहरु अहिले पनि भुमि पाउन नसकेको बताए । उनले यसका लागि गम्भीर नभएसम्म कसैले केही गर्न नसक्ने बताए ।

अभियानको राष्ट्रिय सम्मेलनमा मुलुकभरबाट आएका अभियानीहरुले चुरे विनाश सम्बन्धि आ-आफ्नो धारणा राखेका थिए ।

# भूमिगत जलस्रोतको पुनर्भरणका लागि जलाधार क्षेत्रको संरक्षणमा राष्ट्रपतिको जोड

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले भविष्यमा उत्पन्न हुनसक्ने जलसङ्कटको चुनौतीलाई दृष्टिगत गर्दै भूमिगत जलस्रोतको पुनर्भरणका लागि जलाधार क्षेत्रको संरक्षण हुनुपर्नेमा जोड दिनुभएको छ ।



विश्व पानी दिवसका अवसरमा शनिबार शुभकामना सन्देश जारी गर्दै उहाँले ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण एवं सहरी क्षेत्रमा वर्षात्को पानी पुनर्भरणको विकल्पसहितका पूर्वाधार निर्माण गर्न सम्बद्ध सबैले अग्रसरता लिनुपर्नेमा जोड दिनुभएको छ ।

"प्राचीन एवं आधुनिक प्रविधिको मिश्रण गरी जलाशययुक्त योजनाको तर्जुमा गर्न आवश्यक छ", राष्ट्रपतिले सन्देशमा भन्नुभएको छ । पानी र प्रकृतिसँग प्राणी जगत्को अस्तित्व गाँसिएको, जीवको उत्पत्ति नै पानीभित्र भएको र प्राचीन मानव सभ्यताहरू नदीकिनारमा विकास भए पनि वर्तमानमा आइपुग्दा जीवनको अस्तित्व जोगाउन प्रकृति र पानीको संरक्षण चुनौतीपूर्ण बनेको सन्देशमा उल्लेख छ ।

राष्ट्रपति पौडेलले सन्देशमा भन्नुभएको छ, "भूमिगत जलस्रोत महत्वपूर्ण प्राकृतिक सम्पदा हो, जसले पारिस्थितिकीय प्रणालीलाई दिगो र नदीको बहावलाई व्यवस्थित बनाउन तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणसँगै सुरक्षित पिउने पानी परिपूर्ति गर्न मद्दत पुऱ्याउँछ ।" उहाँले बढ्दो सहरीकरण र भौतिक पूर्वाधार निर्माणका क्रममा भएका प्राकृतिक विनाश, जलवायु परिवर्तन एवं प्रदूषणका कारण पानीका स्रोत नष्ट भइरहेकामा चिन्ता व्यक्त गर्नुभएको छ ।

"भूमिगत जलस्रोतको अतिदोहन र सहरी क्षेत्रमा निर्माण गरिएका पक्की संरचनाको कारण पुनर्भरणमा अवरोध उत्पन्न हुँदा जमिनमुनिको पानीको सतह निरन्तर घटिरहेको छ । अव्यवस्थित मानव बस्ती र बढ्दो औद्योगीकरणका कारण भूमिगत जलस्रोत प्रदूषित हुँदै गएको छ ", सन्देशमा भनिएको छ ।

राष्ट्रपतिले जलस्रोत र नदी प्रणालीको संरक्षण गर्दै समयमै पूर्वसूचना प्रणालीको मद्दतबाट प्राकृतिक विनास तथा जनधनको क्षति न्यूनीकरण गर्न सकिने उल्लेख गर्नुभयो । उहाँले पानीको संरक्षण र सदुपयोगमार्फत दिगो विकासका लक्ष्य परिपूर्ति गर्न विश्व पानी दिवसले प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्नुभएको छ ।

पानीको महत्व, संरक्षण र दिगो प्रयोगका बारेमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९९३ देखि हरेक वर्ष मार्च २२ लाई विश्व पानी दिवसका रूपमा मनाउन थालिइएको हो । यसवर्ष 'हिमनदी संरक्षण' नाराका साथ शनिबार देशका वभिन्न भागमा चेतनामूलक विविध कार्यक्रमका साथ यो दिवस मनाइँदै छ ।रासस

# दक्षिणढोका-मूलपानी बाटो खोल्न प्रयास गर्ने रक्षामन्त्रीको प्रतिबद्धता



काठमाण्डु । रक्षामन्त्री मानवीर राईले नेपाल ट्रष्टको कार्यालयअन्तर्गतको गोकर्ण वनको पर्खालभित्र रहेको सडक खोल्न प्रयास गर्ने प्रतिबद्धता जनाउनुभएको छ । गोकर्णेश्वर नगरपालिका-४ मा रहेको वन क्षेत्रको अवलोकनपछि त्यहाँ बनाइएको पर्खाल हटाएर सडक खोल्न सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको हो ।

गोकर्णेश्वर नगरपालिकाले लामो समयदेखि यो सडक खोल्न माग गर्दै आएको छ । यो सडक खुलेमा स्थानीयवासीलाई गोकर्णेश्वर मन्दिर क्षेत्रबाट दक्षिणढोका र मूलपानी पुग्न सहज हुनेछ । गोकर्ण वनको पर्खाल धेरै ठाउँमा भत्किए पनि काँडेतारले बाटो छेकिएको छ ।

पर्खालभित्रको सडक नखोलिएकै कारण यस क्षेत्रमा वाग्मतीको करिडोर पनि खुल्न सकेको छैन ।

यो सडक खुलेमा गोकर्ण ड्याममाथिको क्षेत्रमा हुने जामबाट स्थानीयवासीले राहत पाउने वडा नं ४ का अध्यक्ष जयराम महतले बताउनुभयो । यो सडक खोल्न माग गर्दै एक महिनाअघि प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर आफ्ना कुरा राखेको प्रतिनिधिसभा सदस्य शान्ति श्रेष्ठले राससलाई जानकारी दिनुभयो । प्रधानमन्त्री ओलीले पनि यो सडक खोल्न प्रयास गर्ने प्रतिबद्धता जनाउनुभएको उहाँले बताउनुभयो ।

गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामा, संविधानसभा सदस्य रामेश्वर फुयाँल, गोकर्णेश्वर नगरपालिका १ का वडाध्यक्ष द्वारिका श्रेष्ठ, ३ का अध्यक्ष मुरारीप्रसाद कुइँकेल, ४ का अध्यक्ष महत, गोनपा-४ का वडा सदस्यहरु गौरी श्रेष्ठ, राजेश श्रेष्ठ, गोनपा-८ का सदस्य सुमन लामालगायत स्थानीयवासीले प्रधानमन्त्रीलाई भेटेर उक्त सडक खोल्नुपर्नेमा जोड दिनुभएको थियो ।रासस

# लागूऔषध गाँजा, हुण्डिको रकमसहितका सामग्री बरामद




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले ४ क्वीन्टल ७७ किलो लागूऔषध गाँजसहित हुण्डिका रकम तथा भन्सार छलेर ल्याउँदै गरेका सामाग्री साथै पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको छ ।

जनकपुरधाममा शनिबार पत्रकार सम्मेलन गर्दै धनुषा प्रहरीका एसपी भूवनेश्वर तिवारीले विभिन्न समयमा नियन्त्रणमा लिएका सामग्री सहित पक्राउ परेकाहरुलाई सार्वजनिक गरे ।

उनले ४ क्वीन्टल ७७ किलो गाँजासहित लक्ष्मीनिया गाउँपालिका-७ स्थित लक्ष्मीनिया चोकमा सो परिमाणको गाँजासहित मिनीट्रक र चालकलाई पक्राउ गरेको बताए । शुक्रबार साँझ जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा मधेश प्रदेश ०३-००२ ख २५२० नम्बरको मिनीट्रक जाँच गर्दा ३४ वटा प्लास्टिकले बेरिएका पोकामा लुकाएर ल्याउँदै गरेको अवस्थामा गाँजा फेला पारेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख तिवारीले बताए ।

**मोटरसाईकल हरायो**


मेरो निम्न ब्यहोरा भएको जिल्ला महोत्तरी जलेश्वर न.पा., मालपोत कार्यालयको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८१/१२/०७ गते करिब बेलुकी ०१:३० बजे म.प्र. ०२-००६ प ३०५४ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DHXRNB82164 चेचिस नम्बर MD2A11CX8NPB17109 को बजाज कम्पनीको Pulser 150 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः लक्ष्मण दास तत्मा**
**ठेगानाः लक्ष्मीनियाँ गा.पा.-५, भंगहा टोल**
**मो. नं. ९८२६८६०६६९**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** धनलाभ हुनेछ। महिला वर्गबाट सहयोग मिल्नेछ ।
**वृष :** पढाइमा प्रगति नै हुनेछ। आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
**मिथुन :** पारिवारिक सद्भाव पनि बढ्नेछ । सरकारी निकायमा भय पनि रहला ।
**कर्कट :** गरेका कामबाट लाभ हुनेछ । प्रेमीको सहयोग पनि पाइनेछ ।
**सिंह :** जोशजाँगर र आत्मबलमा पनि कमी आउनेछ ।
**कन्या :** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । स्वास्थ्यमा समस्या आउन सक्छ ।
**तुला :** सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ ।
**वृश्चिक :** परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।
**धनु :** धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पद्प्रतिष्ठा प्रापत हुने देखिन्छ ।
**मकर :** विपरितवर्गबाट विशेष सहयोग मिल्नेछ।
**कुम्भ :** वैदेशिक क्षेत्रको कार्य अघि बढनेछ ।
**मीन :** धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**



## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सबै मिलेर हिमनदीको संरक्षण गर्नुपर्दछः मन्त्री यादव

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले जलवायु परिवर्तनले हिमनदीका साथै मौसममा प्रतिकूल असर गरी खानेपानी, कृषि, जलविद्युत्लगायत क्षेत्र पनि प्रभावित भइरहेकाले सबै मिलेर हिमनदीको संरक्षण गर्न जरुरी रहेको बताउनुभएको छ ।



शनिबार विश्व पानी दिवसको अवसरमा सोसाइटी अफ पब्लिक हेल्थ इन्जिनियर्स, नेपाल (सोफेन) द्वारा यहाँ आयोजित 'दिगो खानेपानी सरसफाइ तथा स्वच्छतामा लगानी' विषयक गोष्ठीमा उहाँले जलवायु परिवर्तका कारण हिमनदीमा परेको असरले मुलुकमा खानेपानी, कृषि, जलविद्युत्लगायत क्षेत्र प्रभावित भइरहेकाले मुलुकमा रहेका हिमनदीको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व भएको उल्लेख गर्नुभयो ।

मन्त्री यादवले भन्नुभयो, "पानी जीवनको आधार हो । पानीबिना कुनै पनि जीवित प्राणीको अस्तित्व सम्भव छैन । यसर्थ हिमनदीको संरक्षण गर्न जरुरी छ । यसमा तीनै तहका सरकार, सरोकार भएका निकाय, आमनागरिक सबैको सहयोग आवश्यक पर्दछ ।" संविधानले प्रत्याभूत गरेको मौलिक हकअनुसार स्वच्छ खानेपानी र सरसफाइको सुनिश्चितता गर्न खानेपानी मन्त्रालय कटिबद्ध रहेको उहाँले प्रतिबद्धता जनाउनुभयो ।

> मन्त्री यादवले भन्नुभयो, "पानी जीवनको आधार हो । पानीबिना कुनै पनि जीवित प्राणीको अस्तित्व सम्भव छैन । यसर्थ हिमनदीको संरक्षण गर्न जरुरी छ ।

मन्त्री यादवले 'ग्लेशियर' भनेको हिमालय क्षेत्रमा हजारौँ वर्षदेखि जमेको बरफ, हिउँ र चट्टानको ठूलो सङ्ग्रह हो भन्नुभयो । "नेपालमा हिमालय क्षेत्रमा तीन हजार आठ सयभन्दा बढी ग्लेशियरहरू रहेका बताउँदै तीमध्ये सगरमाथा क्षेत्रको खुम्बु ग्लेशियर, डोजोङमा ग्लेशियर प्रसिद्ध रहेका उल्लेख गर्नुभयो ।

उहाँले स्वच्छ खानेपानी, सरसफाइ र वातावरण स्वच्छताको सुनिश्चितता भनेको नागरिकको मौलिक हक मात्र नभई सामाजिक न्याय, सार्वजनिक स्वास्थ्य, आर्थिक समृद्धि र वातावरणीय सन्तुलनको मुख्य आधार भएको बताउनुभयो। सङ्घीय सरकारले 'एक घर, एक धारा' र 'जनताको पानी सरकारको लगानी' जस्ता नीति अघि बढाएकाले खानेपानीको पहुँच विस्तारमा यसले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका मन्त्री यादवले विश्वास व्यक्त गर्नुभयो ।

सुधारिएको स्वच्छता र फोहर पानी व्यवस्थापनका लागि ठोस लगानी गर्दै सहरी तथा ग्रामीण दुवै क्षेत्रमा सन्तुलित विकास गर्ने, महिनावारी स्वास्थ्य व्यवस्थापन, सामुदायिक शौचालय तथा सरसफाइ बजार प्रवर्द्धन गर्न पूर्वाधारलगायत प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने योजना मन्त्रालयको रहेको मन्त्री यादवले जानकारी दिनुभयो ।

"नेपाल प्राकृतिक रूपमा जलस्रोतमा धनी राष्ट्र भए पनि पानी व्यवस्थापन, स्वच्छता तथा पहुँचमा अझै चुनौतीहरू कायम छन् ।

सन् १९९३ देखि हरेक वर्ष २२ मार्चमा मनाइँदै आइएको विश्व पानी दिवसले स्वच्छ पानीको सुनिश्चितताका लागि विश्वव्यापी प्रतिबद्धता पुनःदोहोऱ्याउने अवसर प्रदान गरेको छ", उहाँले भन्नुभयो ।

नेपालमा पानीलाई मानव अधिकारको रूपमा सुनिश्चित गर्ने संवैधानिक व्यवस्था भएको बताउँदै मन्त्री यादवले व्यावहारिक कार्यान्वयनमा अझ धेरै सुधार गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो । दिगो खानेपानी तथा सरसफाइ प्रणाली निर्माणका लागि नीति, प्रविधि र स्रोतसाधनको प्रभावकारी परिचालन अपरिहार्य रहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अन्तरराष्ट्रियस्तरमा सन् १९६६ को अन्तरराष्ट्रिय मानव अधिकार अभिसन्धि तथा सन् २०१० मा संयुक्त राष्ट्रसङ्घको महासभाले पानीलाई मानव अधिकारका रूपमा स्वीकार गरेको छ । नेपालमा खानेपानी सेवाको व्यवस्थित सुरुवात विसं १९४८ मा वीर धाराबाट सुरु भएको थियो । पहिलो पञ्चवर्षीय योजना विसं २०१३ देखि खानेपानीलाई योजनाबद्ध रूपमा सम्बोधन गरिँदै आइएको छ ।"

आजको यो गोष्ठी महत्त्वपूर्ण रहेको धारणा राख्दै मन्त्री यादवले यस क्षेत्रमा सरोकार भएका सम्पूर्ण पक्षलाई एकसाथ ल्याएर समसामयिक समस्या, चुनौती र समाधानका विषयमा छलफल गर्ने अवसर प्रदान गरेको मन्त्री यादवले विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "आज हामीले पानीको प्रभावकारी व्यवस्थापन, स्वच्छता तथा समावेशी नीतिका विषयमा सबैले ध्यान दिनुपर्छ ।

पानीको महत्त्व बुझौँ, पानी बचाऔँ र स्वस्थ भविष्य निर्माणमा योगदान दिऔँ ।"

खानेपानी मन्त्रालयका सचिव ईन्जिनियर प्रमिलादेवी शाक्य बज्राचार्यले नेपालको संविधानले स्वच्छ खानेपानी र सरसफाइलाई मौलिक हकका रूपमा परिभाषित गरेको बताउनुभयो । सङ्घीय खानेपानी मन्त्रालयले संविधानले प्रत्याभूत गरेको मौलिक हकअनुसार स्वच्छ खानेपानी र सरसफाइको सुनिश्चितता गर्न तीनै तहका सरकारबीच सुशासनमार्फत अन्तरसम्बन्ध, सहकार्य र समन्वय गर्दै समान पहुँच, न्यायसङ्गत वितरण र दीर्घकालीन व्यवस्थापनलाई प्रवर्द्धन गर्न प्राथमिकताका साथ निरन्तर पहल गरिरहेको उहाँले जानकारी दिनुभयो ।

यस वर्षको विश्व पानी दिवसको नारा 'ग्लेशियर संरक्षण गरौँ' भन्ने तय गरिएको छ । आजको उक्त कार्यक्रममा खानेपानी मन्त्रालयका सहसचिव एवं इन्जिनियर मीना श्रेष्ठ, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक एवं इन्जिनियर रामकुमार श्रेष्ठ, उपमहानिर्देशक रामचन्द्र काफ्ले, सोफेनका पदाधिकारीलगायतको सहभागिता थियो ।रासस

# गणतन्त्रको विकल्प अन्य कुनै व्यवस्था हुनसक्दैनः गृहमन्त्री लेखक



नवलपुर । गृहमन्त्री रमेश लेखकले गणतन्त्रको विकल्प अन्य कुनै व्यवस्था हुन नसक्ने बताउनुभएको छ । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा शनिबार आयोजित कार्यक्रममा उहाँले गणतन्त्रमा केही पनि भएन भनेर गर्न खोजिएको प्रचार गलत भएको बताउनुभयो ।

"मुलुकमा समस्या छैनन् भनेर म भन्दिन, समस्या छन् । बेराजगारी, आर्थिक शिक्षा, विकास पूर्वाधारमा समस्या छन् । सोचेअनुसार आर्थिक वृद्धि गर्न सकिएको छैन", समस्या गृहमन्त्री लेखकले भन्नुभयो,"तर, नेपालमा समस्या मात्रै छन् भनेर बनाउन खोजिएको भाष्य सत्य होइन । विभिन्न चुनौती र समस्याका बाबजुत धेरै काम भएका छन् । धेरै काम गर्ने प्रयत्न भइरहेको छ ।"

उहाँले नेपालमा रहेका अपार सम्भावनाहरूलाई पहिचान गरी तिनको कार्यान्वयनका लागि सरकार प्रतिबद्ध भएर लागेको छ । "समस्यालाई मात्रै हेरेर बस्ने हो भने समस्याको चाङले च्यापिन्छौँ तर सम्भावना हेरेर अगाडि बढ्यौँ भने विकासको गतिमा अगाडि बढ्न सक्छौँ, यसमा सबैको साझा प्रयास आवश्यक छ", मन्त्री लेखकको भनाइ थियो ।

उहाँले गणतन्त्रले केही दिएन, लोकतन्त्रले केही भएन भनेर निरङ्कुशताको कुरा गर्नु गलत भएको भन्दै यस्ता गलत प्रचारको पछि नलाग्न सबैलाई आग्रह गर्नुभयो । "लोकतन्त्रको विकल्प निरङ्कुश व्यवस्था र गणतन्त्रको विकल्प राजतन्त्र वा अरु केही हुनसक्दैन । गणतन्त्रको स्थापनापछि धेरै उपलब्धि भएका छन्, यसको गति बढाउन सबैबाट इमान्दार प्रयत्न आवश्यक छ । यसमा नागरिक, दल र सरकार मिलेर अगाडि बढ्नुको विकल्प छैन", मन्त्री लेखकको भनाइ थियो,"म क्याम्पस पढ्ने बेला स्नातक तहको अध्ययनका लागि काठमाडौँ वा भारत जानुपर्ने बाध्यता थियो । स्वास्थ्य समस्या त्यस्तै थियो, हाल गाउँगाउँमा उच्च शिक्षा र स्वास्थ्य सुविधा पुगेको छ । देशभित्रै सम्भावना खोज्नका लागि सरकारले वातावरण बनाउँदैछ । अब हाम्रो सम्पूर्ण ध्यान रोजगारी सिर्जनामा केन्द्रीत गर्नुपर्ने बेला भएको छ ।"

उहाँले देशभित्रै रोजगारी मिल्ने वातावरण निर्माणका लागि सरकारले काम गरिरहेको बताउनुभयो । "सबैको साथ हुनुपर्छ, देशभित्रै सम्भावनाको सुनिश्चितता गर्छौँ । गास, बासको व्यवस्था सुनिश्चितता गर्छौँ", उहाँले भन्नुभयो, "अहिले सामान्य श्रमिकको रूपमा जनशक्ति पठाइरहेको नेपालले आगामी १० वर्षभित्र विश्वस्तरकै दक्षजनशक्ति निर्माण गरी स्वदेश र विदेशका धेरै देशमा पठाउन सक्छ । देशभित्र स्थापना भएका प्राविधिक धारका विश्वविद्यालयले मुलुकका लागि आवश्यक पर्ने दक्षजनशक्ति निर्माण गर्ने काममा लागिरहेका छन् ।"

कार्यक्रममा सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा हेमराज पन्तले प्राविधिक शिक्षा घरआँगनमा पुऱ्याउने लक्ष्यसहित क्याम्पसलाई सम्बन्धन दिइरहेको बताउनुभयो । उहाँले हाल विश्वविद्यालयसँग एउटा केन्द्रीय क्याम्पस तथा १५ वटा आङ्गिक क्याम्पस र ३१ वटा सम्बन्धन प्राप्त क्याम्पस रहेको जानकारी दिनुभयो । विश्वविद्यालयमा करिब १८ हजार विद्यार्थी अध्ययनरत रहेका भन्दै उपकुलपति पन्तले शैक्षिक क्यालेन्डरलाई पूर्ण पालना गर्दै उत्कृष्ट विश्वविद्यालय बनाउन आफूहरू लागिपरेको बताउनुभयो ।रासस


## पिपरा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पिपरा, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१०)

प्रस्तुत विषयमा यस पिपरा गाउँपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक १ (एक) पद खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद भित्र नबुझाएका र रितपूर्वक नआएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन ।

| क्र. सं. | विज्ञापन नं. | पद | संख्या | तह | परीक्षा दस्तुर | न्यूनतम योग्यता र अनुभव |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | प्राविधिक सहायक | १ | सहायक पाँचौ | ५०० | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्रतह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको । • कम्प्युटर सीप सम्बन्धी ३ महिने तालिम लिएको । • पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभवपारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिईनेछ । |

- **दरखास्त फाराम पाइने तथा बुझाउने स्थान**:- प्रशासन शाखा, गाउँ कार्यपालिकाको कार्यालय, पिपरा, महोत्तरी ।
- **राजश्व बुझाउने स्थान**:- राजश्वशाखा, गाउँ कार्यपालिकाको कार्यालय, पिपरा, महोत्तरी ।
- **उमेर हद**: १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्ने ।
- **कार्य अवधि**:- २०८२ असार मसान्त सम्म (कार्यक्रम तथा कार्यालयको आवश्यकता र कार्य सम्पादन मुल्यांकन अनुसार नवीकरण हुन सक्ने) ।
- **छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
- **सेवा सुविधा तथा अन्य**:- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।
- **आवश्यक कागजातहरू**:- नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी, शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी, चारित्रिक प्रमाण पत्रको फोटोकपी, सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्रको फोटोकपी, तालिम प्रमाण पत्रको फोटोकपी, पासपोर्ट साइजको ३ प्रति फोटो, विदेशी विश्व विद्यालयबाट शैक्षिक योग्यता हासिल गरेको हकमा equivalence प्रमाण पत्रको फोटोकपी ।
- **दरखास्त दिने अन्तिम मिति**:- २०८१।१२।२४ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।
- थप जानकारीको लागि पिपरा गाउँपालिकाको प्रशासन शाखामा सम्पर्क गर्न सकिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


# सबै समाजवादी र माओवादीलाई एकताबद्ध गर्ने अध्यक्ष दाहालको उद्घोष



चितवन । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले 'प्रचण्ड'ले आगामी आम निर्वाचनसम्ममा सबै माओवादीलाई पार्टीको झण्डामुनि एकताबद्ध गरिने बताउनुभएको छ । जनतासँग माओवादी, तराई-मधेस जागरण अभियानअन्तर्गत आज यहाँ आयोजित जागरणसभामा उहाँले भन्नुभयो, "विसं २०८४ को निर्वाचनमा माओवादीहरु र समाजवादीलाई एकताबद्ध गर्ने ठाउँमा ल्याउने तयारीमा छौँ ।"

उहाँले अब माओवादी २०६४ सालमा हासिल गरेको चुनावी परिणम पुनः प्राप्त गर्नेतर्फ लागेको, आम जनतामा माओवादी केन्द्र एक्लै हिँड्न सक्दैन भन्ने भाष्य चिर्दै अघि बढ्ने बताउनुभयो । माओवादी कमजोर हुँदा प्रतिगामी तत्व सल्वलाएका उहाँको तर्क थियो ।

आफूहरु पहिलेदेखि नै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा रहेको बताउँदै उहाँले देशको विकासका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुन आवश्यक रहेको छ भन्नुभयो । माओवादी केन्द्रप्रति जनताको विश्वास बढेको अभियानका क्रममा आफूले महसुस गरेको बताउँदै उहाँले जनताको माग सम्बोधन गर्ने दल माओवादी केन्द्र भएको दोहोऱ्याउनुभयो ।

माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटाले युगान्तकारी परिवर्तनका लागि माओवादी केन्द्र आवश्यक छ भन्दै नेपाली जनताको भरोसा माओवादी केन्द्रप्रति रहेको बताउनुभयो । पार्टीका अर्का उपाध्यक्ष पम्फा भुसालले देशको विकासका निम्ति सुशासन अपरिहार्य भएको बताउनुभयो ।

त्यस अवसरमा माओवादी केन्द्रका सचिव हितमान शाक्य, चितवन इञ्चार्ज घनश्याम दाहाल, जिल्ला संयोजक रामचन्द्र अधिकारीले अभियानका क्रममा पार्टीका शुभचिन्तक एवं कार्यकर्ताबाट प्राप्त सुझाव माओवादी केन्द्रका निम्ति अमूल्य छन् भन्नुभयो ।रासस

# दैनिक जीवनयापनसँगै मुलुकको समृद्धिका लागि पानीको महत्व बढेको छ : ऊर्जामन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले दैनिक जीवनयापनसँगै मुलुकको समृद्धिका लागि पानीको महत्व बढेर गएको बताउनुभएको छ ।

जल तथा ऊर्जा आयोगको सचिवालयको आयोजना तथा राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासङ्घको सहकार्यमा शनिबारदेखि सुरु भएको 'प्रथम राष्ट्रिय पानी सम्मेलन-२०८१'को शनिबार यहाँ उद्घाटन गर्दै उहाँले पानीको स्रोतको उचित उपयोगमा जोड दिनुभयो । सरकारले पानीको संरक्षणसँगै पानीबाट सिर्जित चुनौतीको व्यवस्थापनलाई सँगसँगै अगाडि बढाइरहेको उहाँले बताउनुभयो । मन्त्री खड्काले पानी र यसका स्रोतको संरक्षणमा सबै नागरिक सक्रिय हुनुपर्छ भन्नुभयो ।

मन्त्री खड्काले नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी तीन वटै तहलाई जलस्रोतको समुचित प्रयोग र संरक्षणको जिम्मेवारी दिएको तथा राष्ट्रिय जलस्रोत नीति-२०७७ ले मुलुकको आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि अधिकतम उपयोगमा जोड दिएको बताउनुभयो । हिमालय पर्वत शृङ्खलाबाट उत्पन्न नदी तथा हिमनदीले देशको ऊर्जा, कृषि, पर्यटन र जैविक विविधताको आधार निर्माण गरेको मन्त्री खड्काको भनाइ थियो ।


जलवायु परिवर्तनका असरलाई घटाउँदै जलस्रोतको दिगो उपयोगका लागि स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीलाई विस्तार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

आइतबार समापन हुने सम्मेलनमा हिमनदीको संरक्षण, एकीकृत जलस्रोत व्यवस्थापन, जल सुशासन र जनसहभागिता, अन्तरदेशीय सहकार्य, वृहत आयोजनाबाट हुनुपर्ने सेवा प्रवाह, जलस्रोतको बहुउपयोग र जलवायु परिवर्तन, कृषि उत्पादकत्व, खानेपानी र सरसफाइ, जलस्रोतको उपयोग गरी समृद्धि हासिल गर्ने, समावेशी विकासका लागि जल प्रशासन र नीतिगत सुधारमा



विविध विषयमा छलफल हुने आयोगका सचिव मधुप्रसाद भेटुवालले जानकारी दिनुभयो ।

ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, सदस्य डा आरपी विच्छा, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडी, राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासङ्घका अध्यक्ष शम्भु दुलालले जलसंरक्षणको महत्वबारे आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कुटनैतिक मर्यादा ख्याल गर

मुख्यमन्त्री सतीशकुमार सिंहले कुटनैतिक मर्यादा विपरीत विदेशका उच्च अधिकारीसहित भारतको मुख्यमन्त्री योगी आदित्यनाथसंगको भेटलाई निकै महत्वका साथ हेरिएको छ । भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई गोरखपुरमा गुपचुप भेटेर प्रदेशको गरिमा र देशका विदेश नीतिको उल्लंघन गरेका छन् । मुख्यमन्त्री सिंह बिना निम्तो उत्तर प्रदेशमा गएका थिए । उनी गत मंसिरमा विश्वहिन्दू परिषद् धनुषा जिल्लाले अयोध्या पठाएको भारको पछि लागेर गएका थिए । त्यसमा पनि उनलाई आमन्त्रण भने गरिएको थिएन । देशमा राजतन्त्र र हिन्दू राष्ट्रको विषयमा व्यवस्था नै फेरिन सक्ने बहस चलिरहेको बेला योगी आदित्यनाथको फोटो सहित भएको जुलुसले राष्ट्रिय राजनीति नै तरंगित भइरहेको बेला मुख्यमन्त्री सिंहले देश र प्रदेशको मर्यादालाई उल्लंघन गर्दै भेटघाट गरेको घटनाको अहिले सर्वत्र आलोचना भइरहेको छ ।मुख्यमन्त्री सिंहको कदमको आलोचना हुनु आफ्नो ठाउँमा छ । तर यससंगै देशको कुटनैतिक मर्यादाको उल्लंघन गरेको कुरा सार्वजनिक भइसक्दा पनि संघीय सरकारले चुँइक्कसम्म नबोल्नुले पनि गम्भीर संशय व्यक्त भइरहेको छ । हुन त मुख्यमन्त्री सिंहले मधेश प्रदेशको पर्यटन प्रवर्द्धनका लागि उत्तर प्रदेश सरकारसित गरेको पहल सकारात्मक रहेको सामाजिक सञ्जालमार्फत जनाएका छन् । तर सत्तासहयात्री लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका नेता जितेन्द्र सोनलले मुख्यमन्त्री सिंह देश बाहिर जानुपर्दा संघीय सरकारको अनिवार्य स्वीकृति र प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय हुनुपर्ने बताउँछन् । मुख्यमन्त्री सिंहले गुपचुप रुपमा गरेको भेटेले औपचारिक रुपमा कुनै अर्थ नराखे पनि पदीय मर्यादा र गरिमा, देश तथा प्रदेशको सान र मुख्यमन्त्री सिंहको व्यक्तिगत हैसियत पनि स्थापित हुन्थ्यो । तर दुर्भाग्य अवसरकै लागि अवसर र अवसर पाएपछि दाम चढाउने वाणीले मुलुकलाई कतातिर लैजाँदै छौं भन्ने हेक्का राख्ने काम पनि सरकारकै हो । नेपालमा हिन्दू राष्ट्र र राजतन्त्रको पक्षमा भइरहेको आन्दोलनमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको गहिरो चासो रहेको बताइन्छ । उनले विगतमा हिन्दू राष्ट्र नेपालको पक्षमा सार्वजनिक रुपमा नै बयान दिएका छन् । यसतर्फ सचेत हुनु जरुरी छ ।

# नेपालको राजनीतिमा पूर्व राजाको तरङ्ग



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

नेपालको इतिहासलाई दृष्टिगत गर्दा राजाले आफ्ना राजपाठ गुमाएपछि पुनः सोही राज्यमा सत्ता स्थापित इतिहासमा उल्लेख छैन् । प्राचीनकालमा उपत्यकामा गोपाल वंशीय राज्य समाप्त भएपछि किरात वंशले ६ सय बर्षसम्म शासन गऱ्यो । भारतको वैशालीमा लिच्छवी गणराज्य अन्त्यपछि उनीहरु उपत्यकामा एक रणनीतितहत शासन सत्तामाथि आधिपत्य कायम गऱ्यो । तर, कसैले गुमेको राज्यलाई फर्काउन सफल नभएको देखिन्छ । सिमरौंनगढमा समसुद्दिन तुगलकले कब्जा गरेपछि हरिसिँह देवका परिवार उपत्यकामा शरण लिएका थिए । कालान्तरमा, भादगाउँको राज्यमाथि बर्चस्व कायम गऱ्यो । पृथ्वी नारायण शाहले नेपालको एकीकरणको क्रममा सेन वंशीय, मल्ल वंशीयलगायत बाइसे चौबीसे राजाहरुका शासनको अन्त्य भयो । नेपालमा २४० बर्षको शाहबंशीय शासन समाप्तिपछि अव,पूर्व राजा ज्ञानेन्द्रले पुनः राजगद्दी पाउन प्रयासरत छन् । दुई सय चालीस बर्षको शाह वंशीय शासन कसरी फर्कने भनेर प्रश्न उठ्नु स्वभाविक हो । तर, विगतमा एक राजाले अर्को राजालाई परास्त गरी देश कब्जा गर्थे । त्यो वेलामा लोकतन्त्र थिएन् । अहिले लोकतन्त्र छ ।लोकतन्त्रमा निर्वाचन प्रक्रिया हुन्छ । जनआवाजलाई सम्मान गर्नुपर्छ । नेपालमा ०६२/०६३को आन्दोलन शाही शासनविरुद्धको आन्दोलन थियो । राजतन्त्रविरुद्ध थियो भन्नु उचित हुँदैन् । जनताद्वारा निर्वाचित पहिलो संविधानसभाको वैठकले राजालाई हटाएको हो । जे भएपनि, लोकतन्त्रमा निर्वाचनको महत्व हुन्छ । राजा पक्षधरहरु जसरी आन्दोलनको बलमा मुलुकमा गणतन्त्र स्थापना भयो । सोहीअनुरुप, जनमतको बलमा आन्दोलनको वातावरण सृजना गरी पुनः राजतन्त्र फर्काउने मार्ग तयार गर्ने प्रयासमा जुटेको भन्नु पर्दा अतिशयोक्ति हुँदैन् ।

सोही सन्दर्भमा पोखराबाट दुई महिनाको वसाइपछि पूर्व राजा ज्ञानेन्द्रको काठमाडौं आगमणले नेपालको राजनीतिमा नयाँ हलचल उत्पन्न भयो । जहिलेपनि सत्ताको चलखेलमा अल्झिएको राजनीति यसपल्ट, गणतन्त्रको परिवेशमा राजतन्त्रको पुनः स्थापनाको आवाजले नयाँ हलचल उत्पन्न गरेको अनुभूति भइरहेको छ । नेपालका राजनीतिक दलका साथै विभिन्न सञ्चारमाध्यममा यस विषयमा तर्कवितर्क व्यापक रुपमा भइरहेको छ । नेपालमा गणतन्त्र स्थापना भएको सोह्र बर्षको अवधिमा कहिँलेकाहिँ राजासहित हिन्दु राष्ट्रको आवाज मसिनो स्वरमा उठ्ने गर्दथ्यो । अचेल, विगतका मसिना स्वर थर्काउने शैलीसहित मोटो स्वरमा परिणत भएको छ । जवकि मसिनो स्वर विलिन हुनुपर्ने थियो । एक साताअघि पूर्वराजा ज्ञानेन्द्रको स्वागतमा विमानस्थलको क्षेत्रमा हजारौं मानिसहरु उर्लिएपछि अहिले राजावादी पक्षधरहरु बढी उत्साहित छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीले पूर्वराजासहित हिन्दु राष्ट्रको माग सामान्य रुपमा उठाउने गर्दथे । फागुन २७ गते राप्रपा साँसद रोशन कार्कीले पूर्वराजा ज्ञानेन्द्रको समर्थनमा देखिएको भिड एक ट्रायल' (नमूना)मात्र रहेको बताइन् । यस्तै, ७३ जिल्लामा मान्छे उत्रिए भने नेताहरुलाई लुक्ने ठाउँ नहुने भनेर चेतावनी दिइन् । राजावादीहरु उत्साहित छन् भने गणतन्त्र पक्षधर नेताहरु पनि पूर्वराजालाई सचेत गराउने किसिमका अभिव्यक्ति दिन थालेका छन् । समयको खेल हेर्नुस ! २०४६ सालमा पञ्चायतविरुद्ध आन्दोलनको घोषणा काँग्रेसले गऱ्यो । त्यसको प्रतिउत्तरमा देशभर हजारौं मानिसहरुलाई सडकमा उतारेर पञ्चायती व्यवस्थाको गुनगान गराइएको थियो । आन्दोलनपछि सवै पञ्चहरु कुन दुलोमा लुके थाहा भएन् । अहिले पूर्वराजाको स्वागतमा उर्लिएको भिड देखेर गणतन्त्रवादी नेताहरु धम्किपूर्ण अभिव्यक्ति दिन थालेका छन् । फागुन २८ गते बुटवलमा मगर राष्ट्रिय मोर्चाको सम्मेलनलाई सम्बोधन गर्दै प्रचण्डले प्रतिगामी र प्रतिक्रियावादी षडयन्त्रविरुद्ध लाखौं जनतालाई सडकमा उतार्ने घोषणा गर्दै गणतान्त्रिक व्यवस्थाको रक्षा र सुदृढीकरणका लागि सवै परिवर्तनकारी र जनतालाई लिएर जुनसुकै सङ्घर्ष गर्ने तयार रहेको जानकारी गराए । केही दिनअघि प्रधानमन्त्री ओलीलगायत गणतन्त्रवादी नेताहरुको बोलीबाट के बुझिन्छ भने फागुन २५को भिड देखेर उनीहरु तनावमा छन् । यस किसिमले वाकयुद्धमा अल्झिनुभन्दा उक्त भिडलाई त्यति महत्व नदिनु पर्ने थियो ।

२०७२ सालमा जारी संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गऱ्यो । त्यो बेला हिन्दु राष्ट्रको आवाज दविएको थियो । अचेल, मुखरित भएको छ । अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपालमा धर्म परिवर्तन गराउन अमेरिकन सरकारले लाखौं डलर नेपालमा खर्चिएको तथ्य सार्वजनिक गरेको खवरले आगोमा घ्यू हालेको देखिन्छ । नेपालमा अमेरिका र युरोपियन मुलुकले लाखौं डलर खर्चेर नेपाललाई धर्मनिरपेक्ष बनाएको चर्चा संविधान निर्माण भएको बेलादेखि उठेका छन् । यि चर्चाको प्रत्यक्ष फाईदा लिन यतिखेर, पूर्वराजावादी पक्षधरहरु तम्सिएका छन् । गणतन्त्र पक्षधर नेताहरु राजालाई हटाउनु र नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाउनु नै गणतन्त्रको मुख्य उपलब्धि ठान्यो । अव, नेपालमा शाहवंशको चर्चापनि जोडदार रुपमा नउठ्ने भन्ने ढुक्क थिए । तर, अहिले समयले कोल्टो फेर्न खोजेको छ । राप्रपाका नेताहरुले गणतन्त्र स्थापनाको सत्रह बर्षको अवधिमा राष्ट्रको उत्थानमा के के उपलब्धिहरु गरेको प्रश्न उठाउन थालेका छन् । अर्कोतर्फ, पूर्वराजाको सन्दर्भमा अनावश्यक रुपमा प्रधानमन्त्री केपि ओली, प्रचण्डलगायतका नेताहरुले प्रतिक्रिया दिएर उक्त विषयलाई झन बढी चर्चामा ल्याएको हो ।

फागुन २५ गते पूर्वराजाको स्वागतमा काठमाडौं विमानस्थल पुगेका एक युवाले उत्तरप्रदेशको मुख्यमन्त्री आदित्यनाथ योगीको तस्विर बोकेको थियो । योगीको तस्विरले राजनीतिमा नयाँ बहशको सूत्रपात गरेको छ । राष्ट्रिय /अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा योगीको तस्विरको विषयले ठाउँ पाएको छ । यो विषय बढी चर्चा ल्याउनुनै राजावादी पक्षधरको चाहना थियो । कतै नेपालमा राजतन्त्रको पुनः स्थापनामा भारतले चलखेल गर्न खोजेको त होइन भनेर प्रश्नले ठाउँ पाएको छ ।

मुख्यमन्त्री योगीको तस्विर देखेर भारतका हिन्दुवादी सङ्गठनका साथै भारतीय जनता पार्टीको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समर्थन छ कि भनेर कतिपय गणतन्त्रवादी नेतालाई ससङ्कीत पारेको उनीहरुको प्रतिक्रियाबाट स्पष्ट हुन्छ । हुन त नेताहरु सन्तुलित भाषामा योगीको तस्विरको चर्चा गरेको भएपनि योगी चाहना नेपाललाई हिन्दु राष्ट्र हुनुपर्ने मनसाय अनेकौं पटक सार्वजनिक भएको छ । गणतन्त्रवादीलाई मानसिक रुपमा हतोत्साहित पार्न वा सर्वसाधारण हिन्दुलाई उत्साहित बनाउन योगीको तस्विरको उपयोग एक रणनीतितहत गरेको सम्झनु पर्छ । केही दिनअघि नेपाली काँग्रेसका नेता डा. शेखर कोइरालासमक्ष झापामा एक पत्रकारले राजा फर्कने सम्भावनाको विषयमा जिज्ञासा राखेका थिए । डा. कोइरालाले राजा फर्कने सम्भावना नरहेको स्पष्ट पार्दे तर, जनतालाई कति खुसी पार्न सक्यो, गणतन्त्रमा केही आशा र भरोसा दिलाउन सक्यो कि सकेन् भन्ने विषय नै मुख्य हो । नेतालाई सत्य बोल्नु पर्छ । आफ्ना कमीकमजोरीलाई स्वीकार गरी सच्चयाएर अगाडि बढ्नु पर्छ । अनावश्यक तर्क वितर्क गर्नुभन्दा जनताको मन कसरी जित्नेतर्फ सरकारलाई केन्द्रीत हुनुपर्छ ।

राजतन्त्रको पुनः स्थापनाको मुद्धा चैत महिनामा अविरल बर्षाले उत्पन्न बाढीजस्तै हो । चैते बाढीले खासै नोक्सान गर्दैन् । तर, चैत महिनाको बाढी भनेर 'चेत' राखिएन भने साउने बाढीले तटबन्ध भत्काउने निश्चित छ । तसर्थ, राजाको काठमाडौंको समर्थकको भिड तत्काल चैत महिनाको बाढीजस्तै भएपनि गणतन्त्रवादीलाई सजग र सचेत हुनु आवश्यक छ । पूर्वराजाको स्वागतको विषयलाई आवश्यकताभन्दा बढी चर्चामा ल्याएपछि जनतामा गणतन्त्रवादी नेताहरु तर्सित छन् भन्ने किसिम चर्चापरिचर्चा हुन थालेको हो । नेताहरुले अनावश्यक रुपमा प्रतिक्रिया दिँदा अन्तर्राष्ट्रिय सञ्चारजगतको पनि ध्यान तानिएको हो । अधिकांस जनताको आक्रोस नेताहरुको आचार व्यवहारको कारणले उत्पन्न भएको छ । नेपालमा गणतन्त्र स्थापनापछि पनि केपि ओली, शेरबहादुर देउवा र प्रचण्डबीच नै पार्टी र देशको सत्तामा रजाई हेर्दा 'घुमिफिरी रुम्जाटार' लोकोक्तिलाई चित्रण गरेको बुझिन्छ । नेपालमा गणतन्त्रमाथि नेतातन्त्रको प्रभाव देखापरेको छ । गणतन्त्रको अवधारणालाई व्यवहारमा उर्तानु पर्छ । पटक पटक एउटै व्यक्ति प्रधानमन्त्री र मनत्री हुँदा जनमानसमा राम्रो सन्देश प्रवाह नभएको तीत्तो सत्यलाई स्वीकार गरी सत्ताको लागि नयाँ अवसर दिनतर्फ नेतृत्वकर्तालाई उदारता देखाउनुपर्ने हो ।

०६२को जनआन्दोलनपछि गठित सरकारले विधिवत रुपमा राजतन्त्रको अन्त्यको सीमा निर्धारण गरेको थियो । पहिलो संविधानसभाको निर्वाचनपछि २०६५ साल जेठ १५ गते संविधानसभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य गरी मुलुकलाई सङ्घीय गणतन्त्र राष्ट्रको घोषणा गरेको हो । संविधानसभामा निर्मित संविधान २०७२ सालमा जारी भयो । सो संविधानमार्फत दुईपटक प्रतिनिधिसभाको निर्वाचनसमेत भइसकेका छन् । विश्वको उत्कृष्ट संविधान बनाउने दावि गरिएपनि नेपालमा राजनीतिले स्थायित्व पाउन नसक्नुको मुख्य कारक निर्वाचन प्रक्रियाको मिश्रित प्रणाली नै हो भनेर विज्ञहरुको ठम्याई छ । अहिले, प्रतिनिधिसभाकै दुई ठूला दल मिलेर सरकार चलाएको छ । यि दुई दलको मिलनविन्दु संविधान संशोधन नै हो भनेर, उतिखेर, घोषणा गरिएको थियो । तर, संविधान संशोधनको चर्चा विस्तारै विस्तारै सेलाउन थालेको छ । समानुपातिक प्रणालीकै कारण कुनैपनि दललाई प्रतिनिधि बहुमत पुऱ्याउन मुश्किल भइरहेको वास्तविकतालाई ठूला दलका नेताले स्वीकार गरेपनि सविधान संशोधन गर्ने घोषणालाई कार्यान्वयनका लागि कुनै पहल गरिएको देखिएन् । संविधानमा कहाँ कहाँ संशोधन गर्नुपर्ने सम्बन्धमा एक विज्ञको कार्यदल गठन गरी सुझाव लिनुपर्ने हो । समानुपातिक प्रणालीको उद्देश्य विपरीत दलहरुले परिवार र आर्थिक उपार्जनको रुपमा उपयोग गर्ने आरोप लाग्ने गरेको छ । तसर्थ, देश र जनताको हितलाई ध्यानमा राखी संविधानको संशोधन गर्नुपर्छ ।

गणतन्त्रको मुख्य उपलब्धि हेर्दा अधिकांस नेता र गलत तरिकाबाट धन आर्जन गर्ने कर्मचारीको जीवनस्तर सुखमय भयो । मुलुकमा नयाँ रोजगार सृजना हुन सकेन् । आजको युगमा प्रत्येक शिक्षित अर्ध-शिक्षित युवायुवतिलाई रोजगार चाहिएको छ । सरकारले रोजगार दिन नसकेको कारण लाखौंको सङ्ख्यामा युवाशक्तिलाई अरब मुलुकको प्रचण्ड घाममा खट्नु परेको छ । अर्काको मुलुकमा अनधिकृत रुपमा सेनामा भर्ना भई कतिपयले ज्यान गुमाएका छन् । रुस र युक्रेनको लडाईमा दुई दर्जनभन्दा बढी नेपाली सेनाको ज्यान गएको छ । कतिपयलाई युक्रेनी सरकारले बन्धक बनाएको छ । अर्काको मुलुकमा नेपालीलाई दासत्वको जीवन विताउनुपर्ने अवस्था देखेर गणतन्त्रवादी नेतालाई लाज लाग्नुपर्ने हो । तर, लाज लाग्नुको सट्टा विप्रेशन पाएर औधि खुशी छन् । कुनै कारणवश, वैदेशिक रोजगार बन्द भयो भने मुलुकमा विकराल अवस्था उत्पन्न हुनेछ । सहकारीमा रकम जम्मा गरिएका हजारौं व्यक्तिको अरबौं रकम डुब्ने अवस्थामा छ । भ्रष्टाचार व्याप्त छ । कृषि क्षेत्र तहसनहस भएको छ । अबौं मूल्यका खाद्यान आयात गर्नुपर्छ । महङ्गी अकासिएको छ । केन्द्रीय सरकार र प्रदेश सरकारबीच विकास निर्माणलगायत अधिकारको विषय लिएर विवाद सृजना हुने गरेको छ । सरकारमाथि जनताको विश्वास घट्दै गइरहेका छन् । विगत सत्रह बर्षको अवधिमा राजधानीसँग जोड्ने राजमार्गलाई भरपर्दो र विश्वसनीय बनाउन सकेको छैन् ।

जसरीपनि सत्तामा पुग्ने चलखेललाई विराम दिनुपर्छ र लोकतान्त्रिक संस्कारलाई आत्मसात गर्नुपर्छ । सक्षम र अनुभवी व्यक्तिलाई पार्टीका साथै सत्ताको नेतृत्वको जिम्मेवारी दिनुपर्छ । अधिकांस जनता अहिलेपनि गणतन्त्र व्यवस्था नै मन पराउँछन् । नेपाली जनता खुल्ला समाजमा रमाइसकेका छन् । तसर्थ, पूर्वराजा फर्कने सन्दर्भमा अनावश्यक टिकाटिप्पनी गरी चर्चामा जीवन्त राख्नुभन्दा मुलुकलाई आत्मनिर्भर बनाउनका लागि दत्तचित भए लाग्नुपर्छ । नत्र, जनताले कठोर निर्णय लिन सक्छन् । 'इतिश्री'

> राजाको काठमाडौंको समर्थकको भिड तत्काल चैत महिनाको बाढीजस्तै भएपनि गणतन्त्रवादीलाई सजग र सचेत हुनु आवश्यक छ । पूर्वराजाको स्वागतको विषयलाई आवश्यकताभन्दा बढी चर्चामा ल्याएपछि जनतामा गणतन्त्रवादी नेताहरु तर्सित छन् भन्ने किसिम चर्चापरिचर्चा हुन थालेको हो ।

# राजतन्त्र र प्रजातन्त्र साथसाथै जान नसकेपछि नै आएको हो गणतन्त्र

**शिरीषवल्लभ प्रधान**

### पौराणिक नेपालमा गणतन्त्र

गणतन्त्र नेपाल र भारतको निम्ति कुनै नयाँ शब्द वा विषय होइन । आजभन्दा २५-२६ सय वर्षअघि बुद्धको समयमा पनि अहिले उत्तर भारत र नेपाल रहेको कतिपय स्थानमा गणराज्य अस्तित्वमा थिए । ईशापूर्व छैटौं शताब्दीताका कतिपय राज्यहरू राजतन्त्रात्मक थिए भने कतिपय गणतन्त्रात्मक पनि थिए । मगध, कोशल, पाञ्चाल, गान्धार आदिमा राजतन्त्रात्मक शासन व्यवस्था अर्थात् कुनै खास परिवार वा वंशद्वारा राज्य गरिने प्रणाली थियो । गैरराजतन्त्रात्मक प्रणाली अन्तर्गत शाक्यहरूद्वारा शासित कपिलवस्तु, लिच्छविहरूको वैशाली, विदेहको मिथिला आदि पर्दथे । यो कुरा भारतका बौद्ध धर्मका प्रखर विद्वान् बीआर अम्बेडकरले 'बुद्ध र उनको धम्म' नामक पुस्तकमा उल्लेख गरेका छन् ।

अम्बेडकरका अनुसार त्यसबखत राजतन्त्रात्मक प्रणालीद्वारा शासित राज्यहरूलाई जनपद भन्ने गरिन्थ्यो । गैरराजतन्त्रात्मक पद्धति अपनाउने राज्यहरूलाई संघ वा गण भनिन्थ्यो । शाक्यहरूको गणतन्त्रमा धेरै परिवार थिए र तिनीहरू आलो-पालो गरी राज्य गर्दथे । त्यसबखत शासक परिवारका मुलीलाई राजा भनिन्थ्यो । अम्बेडकरका अनुसार सिद्धार्थ गौतमका पिता शुद्धोदन वास्तवमा वंशज रूपले राजा थिएनन् । संयोगले सिद्धार्थको जन्मको समयमा उनको राजा वा राष्ट्रप्रमुख बन्ने पालो थियो ।

यहाँ यो प्रसंग उठाइनुको तात्पर्य के कुरामा प्रकाश पार्नु हो भने, आधुनिक नेपालमा जनताको बलिदानद्वारा सन् २००८ मा मात्र गणतन्त्र स्थापना भए पनि पौराणिककालमै यस भूगोलमा गणराज्यहरु थिए । हुन त नेपाली जनताले गणतन्त्र चाहेका थिए वा थिएनन् भन्ने प्रस्ट छैन । तर २००७ सालमा राजा र जनताको संयुक्त प्रयासद्वारा राणाशासनको अन्त्य भएपछिका करिब सात दशकको घटनाक्रमले नेपालमा गणतन्त्रको स्थापना निम्ति पृष्ठभूमि तयार गरेको कुराको निष्कर्ष ऐतिहासिक विश्लेषणबाट निस्कन्छ ।

### राजा त्रिभुवनले नै गरेका थिए गणतन्त्रका कुरा

जब १०४ वर्षीय जहानियाँ राणाशासनलाई नेपाली जनताले सात सालको क्रान्तिद्वारा अन्त्य गरी प्रजातन्त्रको स्थापना गरे, त्यसबखत राणाविरुद्ध विद्रोहमा जनतालाई साथ दिँदै भारतको शरण लिन पुगेका राजा त्रिभुवनले यस्तो घोषणा गरेका थिए :

अब उप्रान्त नेपाली जनताको शासन व्यवस्था निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाद्वारा तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले... । यसरी राजा त्रिभुवनले बुझेर वा नबुझेर त्यसबखत संविधानसभाद्वारा संविधानको निर्माण र गणतन्त्रको स्थापना गर्ने जुन कुरा बोले त्यसको करिब ६५ वर्षपछि त्यो विविध कारणले साकार हुन पुगेको छ ।

राणाशासनको अन्त्य भई प्रजातन्त्र स्थापनापछिका साढे ६ दशक समय राजा र जनताबिच अधिकारको निम्ति संघर्ष तथा राजनीतिक उतार-चढावमै व्यतीत भयो । सात सालमा राणाविरुद्ध विद्रोह गरी आफ्नो गद्दी समेत त्यागेर भारतमा शरण लिन पुगेका राजा त्रिभुवनलाई नेपाली जनताले पुनः राजगद्दीमा बसाएर आफ्नो उदारताको परिचय दिए । त्यसबखत राणा प्रधानमन्त्री मोहन शमशेरले नाबालक ज्ञानेन्द्रलाई राजा बनाएका थिए, जनताको आवाजलाई दबाउन । सायद त्यसबखत नेपाली जनता तथा नेताहरूप्रति भावुक भएर राजा त्रिभुवनले जनतालाई संविधानसभाद्वारा संविधान निर्माण गरी आफूले चाहेको जस्तो व्यवस्था अंगीकार गरुन् भनी इच्छा व्यक्त गरेको हुनपर्छ । त्यसबखत दरबारमा रहेका अति महत्त्वाकांक्षी युवराज महेन्द्रले त्रिभुवनको यो सदाशयतालाई सकारात्मक रूपमा लिएनन् । फलस्वरूप प्रजातन्त्र आएको दश वर्षसम्म राजाले चुनावै नगराई एकपछि अर्को नेतालाई स्वेच्छाले प्रधानमन्त्री बनाउँदै राजनीतिक खेल खेल्न थ्याए । पछि नेपाली कांग्रेसले सत्याग्रहमार्फत संविधानसभा गर्न दबाब दिएपछि संविधानसभा नदिए पनि तात्कालीन राजा महेन्द्र आमचुनाव निम्ति बल्लतल्ल तयार भएका थिए ।

### यसरी निर्वाचित सरकार विनाकारण अपदस्थ गरियो

सो चुनावमा नेपाली कांग्रेसले दुईतिहाइभन्दा बढी सिटमा विजय प्राप्त गरी पहिलो जननिर्वाचित लोकप्रिय नेता विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री त बने, तर बिनाकारण उनको सरकारलाई १८ महिनामै भंग गरियो, सैनिक शक्तिको बलले । यसरी निर्वाचित सरकारलाई डेढ वर्षभन्दा बढी टिक्न नदिई राजा महेन्द्रले शासनको बागडोर हातमा लिई आफ्नो राजनीतिक महत्वाकांक्षा पूरा गरे । उनले सैनिक बलद्वारा निर्वाचित लोकप्रिय सरकार मात्र अपदस्थ नगरी बीपी, गणेशमान लगायत थुप्रै नेतालाई जेलमा कोच्नुका साथै पार्टीमाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायत व्यवस्थाको नाममा आफ्नो प्रत्यक्ष शासन लादे ।

२०६१ माघ १९ मा जब शेरबहादुर देउवा नेतृत्वको निर्वाचित सरकारलाई उनले बर्खास्त गरे, त्यसबखत नेपालमा टेलिफोन, मोबाइल, इन्टरनेट आदि सम्पूर्ण सञ्चारका साधनमा बन्देज लगाइएको थियो । प्रेस स्वतन्त्रतालाई एउटा कानुनको माध्यमले अपहरण गरिएको थियो ।

यसरी पञ्चायत व्यवस्थाको ३० वर्षको अवधिमा राजाको शासन व्यवस्थामा विरोधीलाई थुन्ने, ज्यान मार्ने, देश निकाला गर्ने, यातना दिने अनेक मानव अधिकार उल्लंघनका कार्य भए भने प्रेस स्वतन्त्रतामाथि अंकुश लगाई विपक्षीहरूको आवाजलाई दबाई शासन टिकाउने कार्य भए ।

त्यसबखत राजा वा व्यवस्थाको विरोध गर्नेहरूलाई राजद्रोहको मुद्दा लगाइन्थ्यो र ज्यान सजायसम्म दिइन्थ्यो । त्यसबखत प्रजातान्त्रिक आन्दोलनमा लागेकै कारण नेपाली कांग्रेसका युवा नेता सरोज कोइरालालाई भारतको मधुवनी रेल-वे स्टेसनमा पञ्चायतका एजेन्टहरूले गोली हानी हत्या गरे भने अर्को योगेन्द्रमान शेरचनलाई काठमाडौंमै गाडीले किचेर मारिएको थियो । त्यसताका दरबारमा उदारवादी र अनुदारवादी दुई खेमा थिए र अनुदारवादी खेमाको नेतृत्व ज्ञानेन्द्रले गर्थे ।

२०३४ सालतिर नेपाली कांग्रेसका दुई प्रजातान्त्रिक योद्धा यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई सेनालाई भड्काएको निहुँमा म्याद नाघिसकेको मृत्युदण्ड दिइएको थियो । त्यसबखत राजा वीरेन्द्र र बीपी कोइरालाबिच जनताका अधिकार पुनर्स्थापित गर्ने सम्बन्धमा वार्ता हुँदै थियो तर राजा काठमाडौं बाहिर गएको समयमा दरबारका अनुदारवादी शक्तिको सक्रियतामा उनीहरूलाई ६ महिनाभन्दा पहिले सुनाइएको मृत्युदण्डको फैसला कार्यान्वयन गरी मारिएको थियो, जुन गैरकानुनी मानिन्छ ।

त्यसैगरी पञ्चायतको समयमा छिन्ताङकाण्ड र पिस्करकाण्डमा दर्जनौं कम्युनिस्ट कार्यकर्ता मारिए । यसरी प्रजातन्त्र प्राप्तिको निम्ति भएको अनवरत संघर्षपछि २०४६ सालमा नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहको नेतृत्वमा पहिलो जनआन्दोलनमार्फत बहुदलीय शासन व्यवस्थाको स्थापना भयो । तर त्यसको एक दशक पनि नपुग्दै माओवादीले सशस्त्र विद्रोह सुरु गरे, जसमा सुरुमा राजनीतिक पार्टीका कार्यकर्तालाई नै निशाना बनाइए पनि पछि दरबार हत्याकाण्डपछि राजा बनेका ज्ञानेन्द्रले माओवादी सशस्त्र द्वन्द्वलाई नियन्त्रण गर्ने निहुँमा शासनको बागडोर आफ्नो हातमा लिएर चौतर्फी दमन गर्न थाले । माओवादीहरू पनि राजनीतिक दलहरूको पक्षमा शान्तिपूर्ण आन्दोलनमा संलग्न भए ।

२०५८ सालमा वीरेन्द्रको वंशनाश हुने गरी भएको दरबार हत्याकाण्ड आफैँमा एक रहस्य थियो र अहिले पनि त्यो नसुल्झिएको गाँठो जस्तै छ । त्यसमा दीपेन्द्रको एकलौटी हात रहेको औपचारिक जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेख गरिए पनि विभिन्न शंका-उपशंका अझै कायम छन् ।

### के संवैधानिक राजतन्त्र देखाउने दाँत मात्र ?

राजा बनेलगत्तै आफू दाजुजस्तो टुलुटुलु हेरेर नबस्ने भन्ने अभिव्यक्ति ज्ञानेन्द्रबाट आउनुले उनी कति महत्त्वाकांक्षी थिए भन्ने प्रस्ट हुन्छ । अहिले संवैधानिक राजा चाहिन्छ भन्ने राजावादीहरूको अभिव्यक्तिलाई उनको स्वभावले नै अस्वीकार गरिदिन्छ । यसरी संवैधानिक राजतन्त्र राजावादीको देखाउने दाँत मात्र हो भन्ने बुझ्न गाह्रो छैन । पूर्वराजाका गतिविधि हेर्दा उनी सेरेमोनियल भएर चित्त बुझाएर बस्लान् भन्नेमा धेरैको शंका छ ।

तसर्थ नेपाललाई गणतन्त्रमा धकेल्नमा नेपाली जनताभन्दा राजदरबारकै भूमिका जिम्मेवार छ भन्न सकिन्छ । राजा वीरेन्द्रको वंशनाश भएको लगत्तैपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एकपल्ट भनेका थिए : दरबार हत्याकाण्डले राजा विष्णुको अवतार भन्ने मान्यता अब रहेन ।

### दुई खम्बे नीति समाप्त भएपछि

पछि राजा ज्ञानेन्द्रले दुईपल्ट निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी सत्ताको बागडोर आफ्नो हातमा मात्र लिएनन् मानव अधिकार, प्रेस स्वतन्त्रता तथा स्वतन्त्रतापूर्वक भेला हुन पाउने अधिकारमा समेत बन्देज लगाए । २०६१ माघ १९ मा जब शेरबहादुर देउवा नेतृत्वको निर्वाचित सरकारलाई उनले बर्खास्त गरे, त्यसबखत नेपालमा टेलिफोन, मोबाइल, इन्टरनेट आदि सम्पूर्ण सञ्चारका साधनमा बन्देज लगाइएको थियो । प्रेस स्वतन्त्रतालाई एउटा कानुनको माध्यमले अपहरण गरिएको थियो ।

पञ्चायतको समयमा छिन्ताङकाण्ड र पिस्करकाण्डमा दर्जनौं कम्युनिस्ट कार्यकर्ता मारिए । यसरी प्रजातन्त्र प्राप्तिको निम्ति भएको अनवरत संघर्षपछि २०४६ सालमा नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहको नेतृत्वमा पहिलो जनआन्दोलनमार्फत बहुदलीय शासन व्यवस्थाको स्थापना भयो ।

यी सबै घटनाक्रमले नेपालमा राजसंस्था र प्रजातान्त्रिक व्यवस्था एक साथ जान सक्दैन भन्ने अवधारणा बनिसकेको थियो । जब २०६२/०६३ को दोस्रो जनआन्दोलन उत्कर्षमा पुग्यो, बिसौं लाख जनता निरंकुश राजतन्त्रको विरुद्ध काठमाडौंका सडकमा उत्रे, त्यसबखत नेपाली जनताको आवाजलाई साथ दिँदै भारत सरकारले एक वक्तव्य निकालेका थिए, जसको आशय थियो– नेपाली जनतालाई आवश्यक छैन भने भारतले मात्र संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको दुईखम्बे नीतिलाई बोकिरहनुपर्ने बाध्यता छैन । यी दुई-तीनवटा कारणले नेपालमा संवैधानिक राजतन्त्र रहने सैद्धान्तिक आधार समाप्त पारिदिएको थियो, जसलाई आन्दोलनपछि पुनर्स्थापित संसदले एक घोषणाद्वारा साकार पारिदियो, अर्थात् २४० वर्षको इतिहास बोकेको राजतन्त्र इतिहासको पानामा बिलायो ।

### पालनकर्ता नै विष्णु हो, राजा होस् वा प्रधानमन्त्री

के साँच्चै हिन्दु धर्मले राजालाई विष्णुको अवतार मानेको छ ? प्रश्न उठ्नु स्वाभाविक पनि हो । नेपाल कुनै बखत हिन्दु अधिराज्य थियो । यहाँ हिन्दु धर्मावलम्बीको बाहुल्य अझ पनि छ । हजारौं वर्ष पुरानो मानिने हिन्दु धर्म वेद, उपनिषद्, पुराण, गीता, महाभारत, रामायणजस्ता प्राचीन ग्रन्थहरूको दर्शन र मान्यतामा आधारित छ । ती ग्रन्थका अनुसार यो संसार तीन प्रकारका शक्तिद्वारा सञ्चालित छ : ब्रह्मा, विष्णु र महेश ।

ब्रह्मालाई सृष्टिकर्ता मानिन्छ भने विष्णुलाई पालनकर्ता र महेशलाई संहारकर्ता । संसार त्रिगुण (सत्त्व, रज र तम)द्वारा सञ्चालित छ । रजोगुण मानिने ब्रह्मा सृष्टिकर्ता हुन् भने सत्त्वगुण मानिने विष्णु सञ्चालनकर्ता र तमोगुण मानिने महेश संहारकर्ता हुन् ।

यहाँ पालनकर्ता अर्थात् राज्य सञ्चालनकर्ता चाहे राजा होस्, चाहे राष्ट्रपति वा प्रधानमन्त्री होस्, त्यसलाई सांकेतिक रूपमा विष्णु मानिन्छ । त्यस्तै कुनै नयाँ कुरा सिर्जना गर्न पुरानो कुराको संहार गरिनुपर्छ, जुन तमोगुणी महेशको कार्यक्षेत्रभित्र पर्छ भने कुनै नयाँ आविष्कार गर्ने कुरा रजोगुणी ब्रह्माको कार्यक्षेत्र अन्तर्गत पर्छ । भारत एक अर्बभन्दा बढी हिन्दुहरूको देश हो, त्यहाँ पालनकर्ता भन्नाले प्रधानमन्त्री बुझ्न सकिन्छ । राजाको अभावमा भारतलाई गैरहिन्दुको बाहुल्य भएको देश मान्न सकिन्न ।

## ‘चलचित्रलाई सरकारले आवश्यक सहयोग गर्छ’



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मौलिक संस्कृति र पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्ने गरी निर्माण हुने चलचित्रलाई सरकारले आवश्यक सहयोग र सहजीकरण गर्ने बताउनुभएको छ।

आठौँ नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा आज उहाँले सांस्कृतिक र पर्यटन प्रवर्द्धन हुने गरी चलचित्र निर्माण गर्ने योजना लिएर आए मन्त्रालयले सहयोग र सहजीकरण गर्ने बताउनुभएको हो । गुणस्तरीय चलचित्र निर्माण गर्न सकेको अवस्थामा विदेशीभन्दा स्वदेशी चलचित्रप्रतिको दर्शकको आकर्षण बढी हुने भन्दै मन्त्री पाण्डेले चलचित्र उद्योग भौतिक र अभौतिक सुन्दरता बोक्नेतर्फ उन्मुख हुनुपर्नेमा जोड दिनुभयो । “चलचित्र बनाउने विषय निर्माताको विषय मात्रै होइन, एउटा चलचित्र सफल भएको अवस्थामा निर्माता, निर्देशक र कलाकारसहित समग्र मुलुकले त्यसबाट फाइदा लिनसक्छ । निराशाको बढी प्रचार भइरहेका बेला आशाको सञ्चार गर्न पनि चलचित्र प्रभावकारी माध्यम बन्नसक्छ । यसतर्फ ध्यान दिन आवश्यक छ”, उहाँको भनाइ थियो ।

मन्त्रालयअन्तर्गतका आठ वटा धरोहर विश्वसम्पदा सूचीमा रहेको उल्लेख गर्दै मन्त्री पाण्डेले त्यसलाई समेटेर चलचित्र उद्योगी अघि बढेको अवस्थामा मन्त्रालयको पनि सहयोग रहने धारणा राख्नुभयो । “यसबाट नेपालले पर्यटन क्षेत्रबाट लाभ लिनसक्छ । चलचित्रकर्मीले विगतका विषयवस्तु र साँघुरो मानसिकताभन्दा माथि उठेर विश्वव्यापीकरणको सोच राख्नुपर्ने आवश्यकता छ । स्वदेशमा लगानी गर्न आउने उद्योगीलाई सहज वातावरण बनाउनुपर्छ । नेपाली चलचित्र बाहिर खिच्नुपर्ने अभ्यासलाई निरुत्साहित गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

मन्त्री पाण्डेले राष्ट्रिय एकता, सहिष्णुता, धार्मिक एकतासहितको सन्देशसमेत चलचित्रले दिने भएकाले यस क्षेत्रको प्रवर्द्धन गर्न सरकारले काम गरिरहेको बताउनुभयो । चलचित्रकै माध्यमबाट सांस्कृतिक स्थलहरू पशुपति, लुम्बिनी, जनकपुरजस्ता क्षेत्रको विश्वमा प्रवर्द्धन गर्न सकिने उहाँको भनाई थियो ।रासस

# संसद् समीक्षाः कानुन निर्माणमा सक्रियतादेखि दलितमाथिको ज्यादती विरुद्ध साझा प्रतिवाद

काठमाण्डु । जनताको आवाज प्रत्यक्ष रूपमा मुखरित गर्ने जनप्रतिनिधिमूलक थलोको रूपमा स्थापित सङ्घीय संसद्को बैठक यस साता नियमित रूपमा सञ्चालन भयो । प्रतिनिधिसभाका चार वटा बैठक बस्यो । राष्ट्रियसभाका तीन वटा बैठक यो साता सम्पन्न भए ।

प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरदेखि अन्य कानुन निर्माणका दृष्टिले यो साता महत्त्वपूर्ण उपलब्धी भएका छन् । सङ्घीय संसद्को बैठकमा महायज्ञको नाममा दलितमाथि गरिएको ज्यादतीदेखि काठमाडौँको टोखामा ठूलो मात्रामा विदेशी मुद्रा फेला परेको विषयले प्राथमिकता पायो । लामो सङ्घर्षपछि प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि भइरहेको प्रहार विरुद्ध सत्तापक्ष र प्रतिपक्षका सांसदले जमेर प्रतिवाद गर्नुका साथै नागरिकका दैनिक समस्यासँग जोडिएका विषयमा संसद्मा महत्त्वपूर्ण छलफल भए ।

पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सेवा सुविधा दिने सन्दर्भमा सरकारले कानुन नै तयार पार्न लागेको भन्दै संसद्मा प्रतिवाद भयो । सत्तापक्ष र प्रतिपक्षका सांसदले सरकारको उक्त तयारीप्रति आपत्ति जनाउँदै खबरदारी गर्नुभयो ।संसदीय गतिविधिका हिसाबले यो साता दुवै सदनले सक्रिय भूमिका निर्वाह मात्रै गरेन, संसदीय समितिका बैठकसमेत नियमित बसे । सङ्घीय संसद् सचिवालयले संसदीय समिति र सङ्घीय संसद् बैठकको नियमित कार्यतालिका तय गरेर कार्यान्वयनमा ल्याएपछि गतिविधि प्रभावकारी रूपमा अगाडि बढेका छन् । राष्ट्रियसभाको शुक्रबार बसेको बैठकमा आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१, निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ लाई प्रतिनिधिसभाबाट प्राप्त सन्देशसहित टेबुल भए ।

प्रतिस्थापन विधेयकसम्बन्धी व्यवस्थाबारे राष्ट्रियसभा नियमावली, २०७५ र प्रतिनिधिसभा नियमावली, २०७९ का प्रावधान बाझिएको भन्दै राष्ट्रियसभाको शुक्रबारको बैठक १५ मिनेटका लागि स्थगित भएकामा बैठक पुनःसञ्चालनमा आउन सकेन । सङ्घीय संसद् सचिवालयका महासचिव पद्यमप्रसाद पाण्डेले सूचनामार्फत बैठक यही चैत १० गते आइतबार बस्ने जानकारी दिनुभयो । यसअघि विधेयकको तीन महले प्राप्त नभएको भन्दै सांसदहरुले आपत्ति जनाउनुभएपछि बैठक स्थगित भएको थियो ।

शुक्रबारको बैठकमा दलित समुदायको घरमा डोजर लगाइएको विषयमा सांसदले संसदीय छानबिनको माग गर्नुभएको थियो । सांसद भुवनबहादुर सुनारले सिरहा औरही-५ का दीपक मलिक डोमको परिवारमाथि स्थानीय सरकार प्रमुख नै संलग्न भएर डोजर चलाएको घटनाप्रति आपत्ति प्रकट गर्दै संसदीय छानबिनको माग गर्नुभएको थियो । त्यसैगरी प्रतिनिधिसभाको यही चैत ७ गतेको बैठकमा समेत सो विषय मुखर भएको थियो ।

नेकपा(माओवादी केन्द्र)का सांसद रणेन्द्र बराइली, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सन्तोष परियार र नेकपा(एमाले)का सांसद सम्झना थपलियाले यज्ञको नाममा दलितको घरमा डोजर लगाउने विषय कुनै पनि अर्थमा क्षम्य नभएको भन्दै आपत्ति जनाउनुभएको थियो ।

सांसद परियारले भन्नुभएको थियो, “धर्मको आडमा सिरहामा जे घटना घट्यो त्यो जातीय विभेदको चरम घटना हो । त्यस घटनाले हाम्रो समकालीन चेतना, नेपालको कानुनी शासन, मानव अधिकारप्रतिको प्रतिवद्धता र संविधानलाई गिज्याएको छ । ” सांसद रणेन्द्र बराइली भन्नुभयो, “नेपालमा दलितले टेक्ने माटो नै छैन भनेपछि कहाँ जाने त ? दलितले टेकेको धर्तीसमेत अपवित्र हुन्छ भने अब दलितले कुन धर्ती टेक्ने ?”




यसै साता प्रतिनिधिसभाले आर्थिक विकास तथा लगानी विस्तारसँग जोडिएका विधेयक प्रतिनिधिसभामा धमाधम पारित भएका छन् । यसबाट लगानीको थप वातावरण सिर्जना हुने, लगानीकर्तामा थप विश्वास विस्तार भइ मुलुकलाई समृद्ध बनाउन बल पुग्ने सरकारको बुझाइ छ ।

विहीबार मात्रै प्रतिनिधिसभाले ‘निजीकरण (पहिलो संशोधन विधेयक),२०८१’, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ र ‘आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१’ पारित गरेको छ । यी तीन वटै विधेयकले मुलुकको अर्थतन्त्रलाई थप लयमा लैजान मद्दत गर्नेछ ।

सरकारले ‘निजीकरण ऐन, २०५०’ लाई समयानुकूल बनाएको छ । सो ऐनको पहिलो संशोधन गर्दै सरकारले विधेयक प्रस्तुत गरेको हो । यसमा सरकारी लगानी व्यवस्थापन तथा प्राथमिकता निर्धारण गर्ने विषयलाई महत्वका साथ समावेश गरिएको छ ।सरकारले यसअघि सङ्घीय संसद्को बैठक नबसेको समयमा सो विधेयकलाई अध्यादेशमार्फत कार्यान्वयनमा ल्याएको थियो । घाटामा रहेको, रुग्ण अवस्थामा भएका वा अन्य कुनै पनि कारणले समस्यामा परेको उद्योग प्रतिष्ठानलाई थप सबल बनाउने उद्देश्य राखिएको छ ।

विधेयकमाथिको दफावार छलफलमा सहभागी संशोधनकर्ताको प्रश्नको जवाफ दिँदै मन्त्री पौडेलले निजीकरणलाई निर्विकल्प बनाउन नहुने बताउनुभएको थियो । उहाँले कमजोर क्षमतामा चलेका, रुग्ण र बन्द रहेका सार्वजनिक प्रतिष्ठानलाई प्रभावकारी ढङ्गमा सञ्चालन गर्न निजीकरणलाई एकमात्र विकल्पका रूपमा लिनु हुँदैन भन्ने संशोधनको मूल मर्म हो भन्नुभयो । प्रतिपक्षी दलका सांसदले देशको अर्थतन्त्रलाई प्रस्तुत विधेयकले सम्बोधन गर्न, विकास एवं सुशासन तथा सामाजिक न्याय सुनिश्चित गर्न नसक्ने टिप्पणी गर्नुभएको थियो ।

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ प्रतिनिधिसभाले बहुमतले पारित गरेको छ । सो विधेयकले बजेट निर्माण प्रक्रियालाई सहज बनाउने सरकारको बुझाइ छ । विधेयकले नेपालको संविधानको मर्म र सङ्घीयताको मर्मअनुरूप नै बजेट निर्माण गर्ने विषयलाई सुत्रबद्ध गरेको छ । त्यस्तै प्रतिनिधिसभाले ‘ आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१’ पनि पारित

> विहीबार मात्रै प्रतिनिधिसभाले “निजीकरण (पहिलो संशोधन विधेयक),२०८१”, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ र “आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१” पारित गरेको छ । यी तीन वटै विधेयकले मुलुकको अर्थतन्त्रलाई थप लयमा लैजान मद्दत गर्नेछ ।

गरेको छ । सो विधेयकले पनि आर्थिक तथा व्यावसायिक वातावरण निर्माण गरी लगानी अभिवृद्धि गर्ने लक्ष्य राखेको छ ।

विभिन्न ऐनलाई सरकारले समयानुकूल र लगानीमैत्री बनाउने उद्देश्य राखेर सो विधेयक प्रस्तुत गरेको हो । सो विधेयकले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, राजस्व न्यायाधिकरण ऐन, २०१३, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ का केही प्रावधान संशोधन गरेको छ ।

यसैगरी, मध्यस्थता ऐन, २०५५, कम्पनी ऐन, २०६३, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५, औद्योगिक व्यवसाय ऐन, २०७६, पनि सो विधेयकमार्फत संशोधन गरिएको छ ।

यही चैत ६ गतेको राष्ट्रियसभाको बैठकले ‘विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट प्राप्त बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०’ पारित गरेको थियो । त्यसदिन ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐन’लाई संशोधन गर्ने विधेयक, २०८१ र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देशहरू सभासमक्ष टेबुल भएको थियो ।

ती विधेयकमाथि शुक्रबार छलफल गरी पारित गर्ने कार्यसूची भएपनि राष्ट्रियसभा नियमावली, २०७५ को नियम ९३ मा अध्यादेशमार्फत ल्याइएको विधेयकलाई प्रतिस्थापन विधेयकका रूपमा संसद्मा ल्याउनुपर्ने भए पनि ‘प्रतिस्थापन विधेयक’ भन्ने शब्द नराखिएकाले छलफल हुन नसक्ने भन्दै रेणु चन्दले नियमापत्ति गर्नुभयो । उहाँको नियमापत्तिपछि राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले नियमावलीमा भएका व्यवस्था बाझिएकाले केही समयका लागि बैठक स्थगित भएको घोषणा गर्नुभएको थियो ।

प्रतिनिधिसभाको चैत ६ गतेको बैठकले ‘सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्’ भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको थियो । सोही दिन राष्ट्रियसभामा उत्पत्ति भएको ‘तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१’ का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल भएको थियो ।

प्रतिनिधिसभाको चैत ३ गतेको बैठकमा सांसदले पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सुविधा दिने विषयप्रति असन्तुष्टि जनाउनुभएको थियो । बैठकको आकस्मिक समयमा नेपाली कांग्रेसका सांसद रामकृष्ण यादवले पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिन नहुने धारणा राख्नुभएको थियो । उहाँले मुलुकको अर्थतन्त्र कमजोर रहेको अवस्थामा पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सुविधा दिने कुरा शोभनीय नभएको भन्दै आपत्ति प्रकट गर्नुभयो ।

माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले मुलुकको अर्थतन्त्र कमजोर रहेको अवस्थामा जनतालाई राहत दिएर भरोसा बढाउनुपर्ने बेलामा पूर्वविशिष्ट पदाधिकारीलाई सेवा सुविधा दिने प्रस्ताव प्रति असन्तुष्टि व्यक्त गर्नुभएको थियो । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का प्रकाश ज्वालाले मुलुकको अर्थतन्त्र खस्किएको अवस्थामा राज्यलाई अतिरिक्त आर्थिक भार थपिने गरी पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिन नहुने धारणा राख्नुभएको थियो । त्यसदिनको बैठकको शुन्य समयमा समेत अधिकांश सांसदले सोही विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

सांसद चित्रबहादुर केसीले पूर्वविशिष्ट पदाधिकारीलाई सेवासुविधा दिने सरकारको तयारीको आलोचना गर्नुभएको थियो । उहाँले पछिल्लो समय जनता र सरकारबीचको दूरीलाई यसले अझ चर्काउन सक्ने भन्दै गम्भीर हुन सरकारसँग आग्रह गर्नुभयो । “मुलुकको यस्तो आर्थिक अवस्था देख्दादेख्दै, यतिबेला सरकारले पूर्वविशिष्टलाई कानूनी व्यवस्था गरेर सेवासुविधा दिने कुरा गर्ने ?”, उहाँले भन्नुभयो, “सरकार र व्यवस्थाप्रति जनताको आक्रोश अझ बढ्ने छ । सरकार गम्भीर हुनुपर्छ ।”

त्यसदिन सँसदहरुले बाँकेको जयन्दु बालसुधार गृहमा भएको झडपमा परी ४९ जना घाइते भएको घटनाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । सांसद सूर्यप्रसाद ढकालका अनुसार, विसं १९८० मा नेपालमा कारागार स्थापना भएको सो सुधार गृहमा महिलासँगै पाँच वर्षमुनिका ४२ जना आश्रित बालबालिका रहेको तथ्याङ्क दिनुभयो ।

बैठकको आकस्मिक समयमा सांसद हितराज पाण्डेले गत फागुन २८ र २९ गते गण्डकी एवं बागमती प्रदेशका विभिन्न जिल्लामा आएको असिनाबाट किसानलाई ठूलो क्षति भएको बताउनुहुँदै क्षतिको तथ्याङ्क सङ्कलन गरी संसद्मा जानकारी गराउन माग गर्नुभएको थियो ।बैठकमा नेपाली जनताको त्याग र बलिदानबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतत्तात्मक व्यवस्थाप्रति फैलाइएको गलत प्रचारका विरुद्ध सांसदले प्रतिवाद गर्नुभएको थियो । उहाँहरुले मुलुकमा भ्रम र निराशाको खेती व्यापक रूपमा चलेको एवं कतिपय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको दुरूपयोग भइरहेकामा आपत्ति प्रकट गर्नुभयो ।

एमालेका सांसद रघुजी पन्तले २०६५ जेठ १५ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछिको १५ वर्षपछि नेपालीको आय यो अवधिमा झण्डै तीनगुणा बढेको जानकारी दिनुभएको थियो । “आर्थिक विकासका साथसाथै लोकतन्त्रको महत्व बढी छ”, सांसद पन्तले भन्नुभयो, “राजाको ३० वर्षे पञ्चायतीकालभन्दा अहिलेको व्यवस्थामा देशमा धेरै आर्थिक विकास र जनताको प्रगति भएको छ । त्यसैले राजाको पालामा र अहिलेको पालामा तुलना गर्ने हो भने अहिले जनताको जीवनस्तरमा सुधार आएको छ । तर, केही भएन भनेर जनतामा गलत भ्रम फैलाउने भाष्य बनाइएको छ ।”

उहाँले थप अगाडि भन्नुभएको थियो “तराईको भूमिपुत्रलाई राष्ट्रपति बनाइयो के बिग्रियो ?, सुदूर पहाडकी चेली राष्ट्रपति भइन् के बिग्रियो ?, भोलि, राई, लिम्बू वा कुनै समुदायको व्यक्ति राष्ट्रपति होला किन आपत्ति गर्नुपर्‍यो”

माओवादी केन्द्रका सांसद विमला सुवेदीले पछिल्लो समय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विरोध भइरहेकाले सरकारले जनताका पक्षमा प्रभावकारी काम गर्नुपर्ने खाँचो औँल्याउनुभएको थियो । उहाँले राजतन्त्रवादीहरु व्यवस्थाकाविरुद्धमा लागेको उल्लेख गर्दै बेलैमा सचेत रहन र गणतन्त्रप्राप्तिका लागि भएका योगदानको सम्मान गर्न सबैले ध्यान दिनुपर्ने बताउनुभएको थियो । सांसद सुवेदीले भन्नुभयो “यो लोकतान्त्रिक शासन व्यवस्थामा राजा ल्याउने सपना देख्न पाइन्छ तर राजतन्त्र फर्काउने कुरा सम्भव छैन । राजसंस्था फर्केला भनेर भ्रमको खेती गर्न पनि पाइन्न ।”

त्यसदिनको बैठकले ‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्’ भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको थियो ।

यसैगरी चैत ४ गते प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैको बैठक बसे । त्यसदिन प्रतिनिधिसभाले ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमाथि प्राप्त संशोधनसहित दफाबार छलफलसहित पारित भए । त्यसैगरी राष्ट्रियसभाको बैठकले बैकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० सम्बन्धि समितिको प्रतिवेदन पेश भयो भने तिलगंगा नेत्र विश्वविद्यालय विधेयक छलफलसहित पारित ग-यो ।रासस

# देश र संसार बुझ्न कविता प्रभावशाली माध्यम होः पूर्वराष्ट्रपति भण्डारी

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले समाज विकासमा भाषा, कला र साहित्यको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्दै यसको संरक्षण एवं प्रवर्द्धनका ध्यान दिनुपर्ने बताउनुभएको छ । मदन भण्डारी फाउण्डेशनद्वारा शनिबार आयोजित कवि तीर्थ श्रेष्ठको एकल कवितावाचन कार्यक्रममा उहाँले कविताले समाजको यर्थाथ चित्रण गर्ने बताउनुभयो । कवि श्रेष्ठको ‘श्वेत शार्दूल एक यात्रा कविताको शिविर’ कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारीले आफू पहिलो पटक एकल कवितावाचन कार्यक्रममा सहभागी हुन पाएको अनुभव व्यक्त गर्दै यस्ता कार्यक्रमको निरन्तरताका लागि आयोजकको ध्यानार्कषण गराउनुभयो ।



“समाजलाई यर्थाथ कुरा जानकार गराउने विभिन्न माध्यम हुन्छन्, कविता एउटा यस्तो प्रभावशाली माध्यम हो, जसबाट एकैछिनमा देश र संसारलाई बुझ्ने अवसर प्राप्त हुन्छ”, उहाँले भन्नुभयो, “धेरै आयोजक हुनुहुन्छ, जिल्लादेखि केन्द्र र अन्तरराष्ट्रिय क्षेत्रमा यस्ता कार्यक्रम गर्न सबैले आआफ्नो तर्फबाट प्रयासलाई निरन्तरता दिनुपर्छ ।”

कवि श्रेष्ठले नेपाली जनजीवनमा गर्नसक्ने काम आफूले लेखनमार्फत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । फाउण्डेशनका अध्यक्ष उषाकिरण भण्डारीले कवि श्रेष्ठको साहित्य रचनाले नेपाली साहित्य र भाषा अध्ययनमा सहयोगी हुने बताउनुभयो । उहाँले राष्ट्रियताको सोच र चिन्तनलाई भावी पुस्तासम्म हस्तान्तरण गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# अख्तियारमा गरिने नियुक्ति प्रक्रिया परिवर्तन गर्नुपर्नेमा जोड

दमौली । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गरिने नियुक्ति प्रक्रिया परिवर्तन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

कांग्रेस तनहुँ क्षेत्र नं २ ले शनिबार दुलेगौडामा आयोजना गरेको क्षेत्रीय सम्मेलनमा उहाँले अहिलेको कानुनी व्यवस्थाका कारण नियुक्ति प्रक्रिया राजनीतिबाट प्रभावित हुनसक्ने जोखिम रहेकाले यसलाई परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो ।



महामन्त्री शर्माले भन्नुभयो, “अब कानुन, प्रशासनलगायत क्षेत्रमा २० वर्ष बढी काम गरी अनुभव बटुलेका, निष्पक्ष व्यक्तिलाई खुला प्रतिस्पर्धाबाट नियुक्त गरौँ । मैले यो विषय राज्य व्यवस्था तथा सुशासन समितिमा उठाइरहेको छु । विस्तारै यो बहसमा आउने विश्वास छ । खुल्ला प्रतिस्पर्धाबाट आएका व्यक्तिले थप निष्पक्ष र पारदर्शी ढङ्गबाट काम गर्न सक्छन् ।” सरकारले हालै ल्याएको अध्यादेश सुशासन कायम गर्नका लागि भएको उहाँले प्रष्ट पार्नुभयो ।

महामन्त्री शर्माले पार्टीको महाधिवेशन २०८४ अगावै हुने बताउनुभयो । उहाँले भन्नुभयो, “२०८४ मा आमनिर्वाचन हुने भएकाले पार्टीको महाधिवेशन उक्त निर्वाचन अघि सम्पन्न गर्नुपर्ने अवस्था छ ।” कांग्रेसको विधान र मुलुकको संविधानले पाँच वर्षभित्र महाधिवेशन गर्नुपर्ने स्पष्ट उल्लेख गरेकाले बढीमा छ महिनासम्म मात्रै समय थप गर्न सकिने उहाँको भनाइ थियो ।

कांग्रेसको महाधिवेशन विसं २०७८ मा भएकाले विसं २०८४ को निर्वाचनपछि महाधिवेशन हुन्छ भन्ने नसोच्न उहाँले पार्टीको नेता, कार्यकर्तालाई आग्रह गर्नुभयो । महामन्त्री शर्माले पार्टीको महाधिवेशनका सन्दर्भमा चैत महिनाभित्र क्रियाशील सदस्यताको नवीकरण गर्ने काम सम्पन्न भइसक्ने जानकारी दिनुभयो ।

महामन्त्री शर्माले कांग्रेस आफैँमा बलियो हुनुपर्नेमा जोड दिँदै सबैबीच एकता र सद्भाव कायम राख्न सक्नुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, “कांग्रेसले आन्तरिक सुधार गर्नुपर्छ । एउटा कांग्रेसले अर्को कांग्रेसको अस्तित्व स्वीकार गर्न सकेमात्रै जनताले कांग्रेसलाई स्वीकार गर्नेछन् । पार्टीभित्रका समस्या समाधान गर्दै कांग्रेस एक बनाउने अभियानमा सबै लाग्नुपर्छ ।”

महामन्त्री शर्माले पार्टीभित्रको वर्तमान व्यवस्थालाई बलियो बनाउँदै सुधार गरेर लैजानुको विकल्प नभएको बताउनुभयो । उहाँले भन्नुभयो, “जनताका निराशा र असन्तुष्टि सम्बोधन गर्ने प्रमुख जिम्मेवारी राजनीतिक दलको हो । यसका लागि सबै दलबीच समन्वय र सहकार्य आवश्यक छ ।”रासस

## आगलागीपछि अवरुद्ध हिथ्रो विमानस्थल पूर्णरुपमा सञ्चालित

एएफपी

लण्डन । युरोपको अति व्यस्तमध्येको हिथ्रो विमानस्थल 'पूर्ण रुपमा सञ्चालनमा' आएको विमानस्थल प्रशासनले बताएको छ ।

विमानस्थलको सेवा बन्द भई यात्रामा समस्या उत्पन्न भएको एक दिनपछि शनिबार हिथ्रो विमानस्थल 'पूर्ण रुपमा सञ्चालनमा' आएको विमानस्थलका एक प्रवक्ताले बताउनुभयो । विमानस्थलको विद्युत् सबस्टेसनमा आगलागी हुँदा शुक्रबार अधिकांश समय लण्डन विमानस्थल बन्द भएको थियो भने साँझपछि आंशिकरूपमा उडान सेवा सञ्चालनमा आएका थिए ।

"हिथ्रो विमानस्थल आज पूर्णरूपमा खुला भई पुनः सञ्चालनमा आएको छ," उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "विमानस्थलभरिका टोलीहरूले 'अफ-एयरपोर्ट पावर सबस्टेसन'मा हिजोको आगलागी र विद्युत् कटौतीका कारण प्रभावित यात्रुहरूलाई सहयोग गर्न सक्दो प्रयास जारी राखेका छन्।"फ्लाइटराडार २४ ट्र्याकिङ वेबसाइटका अनुसार शुक्रबारको बन्दका कारण करिब एक हजार ३५० उडान प्रभावित भएका छन् ।शनिबार सेवा पुनः सुरु भएपछि पनि केही उडानको छुट्ने र अवतरण गर्ने तालिका प्रभावित हुने अपेक्षा गरिएको छ ।

"हामीसँग हाम्रा टर्मिनलहरूमा सयौं अतिरिक्त सहकर्मीहरू छन् र हामीले विमानस्थलमार्फत यात्रा गर्ने थप १० हजार यात्रुहरूलाई सुविधा प्रदान गर्न आजको तालिकामा उडानहरू थपेका छौं," उहाँले भन्नुभयो । विमानस्थल प्रशासनले एक विज्ञप्ति जारी गरी भनेको छ, "आज यात्रा गर्ने यात्रुहरूले आफ्नो उडानको बारेमा नवीनतम जानकारीको लागि आफ्नो एयरलाइनसँग निरन्तर सम्पर्कमा रहन अनुरोध गरिएको छ।"

ब्रिटिस एयरवेजले दिनभरि विमानस्थलमा निर्धारित उडानको करिब ८५ प्रतिशत उडान गर्ने अपेक्षा गरेको जनाएको छ ।भीडभाड कम गर्नका लागि रात्रिकालीन उडानमा लगाइएको प्रतिबन्ध पनि अस्थायी रूपमा हटाइएको बेलायतको यातायात विभागले जनाएको छ ।हरेक दिन करिब दुई लाख ३० हजार यात्रुले हिथ्रो विमानस्थलको प्रयोग गर्छन् । विमानस्थलले वार्षिक आठ करोड ३० लाख यात्रीलाई सेवा दिन्छ । हिथ्रो विमानस्थलबाट करिब ८० देशमा उडान हुँदै आएको छ ।

अवरोधको परिमाणले बेलायतको यात्रा पूर्वाधारको महत्त्वपूर्ण टुक्राहरू मध्ये एकको कमजोरीको बारेमा प्रश्न उठाएको छ।बिहीबार राति भएको आगलागी 'शङ्कास्पद नभएको' र अनुसन्धान 'विद्युतीय वितरण उपकरणमा केन्द्रित हुने' अधिकारीहरूले बताएका छन् । यसअघि लण्डनको महानगरीय प्रहरी बलको आतङ्कवादप्रतिरोधी कमान्डले आगोको प्रभावलाई ध्यानमा राखेर अनुसन्धानको नेतृत्व गरिरहेको बताएको छ ।

# एक भारतीय 'माताजी' को दुनियाँ भित्रको कथा



बीबीसी

काठमाण्डु । उनी चमत्कार गर्न सक्ने दाबी गर्छिन् र उनका भक्तहरू उनी देवी नै भएको विश्वास गर्छन्। राधे माँ भारतका विवादास्पद र बढ्दो माताजी र बाबाहरूको जमातमा रहेकी केही महिलामध्ये एक हुन् र उनका अनुयायीहरूको संख्या विशाल छ। बीबीसीले यस्ता धर्मगुरुहरूको विश्वास र भयको दुनियाँको पर्दा उघार्न विशेष पहुँच पाएको छालुई भुइटौँ र गुची जस्ता महँगा ब्रान्डेड झोला हातमा लिने, सुन र हीराका गहना लगाएर परम्परागत पहिरनमा सजिएका महिलाहरू उनको मध्य रातको दर्शनका लागि जम्मा हुँदै छन्।

उनलाई अन्य साधुसन्त जस्तो बिहान सबेरै उठ्न, साधारण कपडा पहिरिन या लामो प्रवचन दिन मन पर्दैन र उनी स्वयंलाई "चमत्कारी माता" भन्छिन्।"साँचो के हो भने मानिसहरूले चमत्कारलाई महत्त्व दिने गर्छन्। नत्र त कसैले पनि पैसा दान गर्दैनन्। " "उनीहरूको लागि चमत्कार हुन्छ, उनीहरूको काम बन्छ तब न उनीहरू दान दिन्छन्," राधे माँले मलाई बताइन्।

कसरी उनको आशीर्वादका कारण निःसन्तानका बच्चा भए, कसरी छोरी मात्रै जन्माउँदै आएका आमाहरूले छोरा जन्माउन सके, कसरी बिरामीहरूलाई उनले सञ्चो बनाइदिइन् र कसरी कसैको डुब्दै गरेको व्यापार व्यवसाय उनले बचाइदिइन् लगायतका कथाहरू सुनाउने गरिन्छ।दिव्य शक्तिको दाबी राधे माँमा मात्र सीमित छैन। भारतमा तथाकथित 'साधुसन्त' हरूको भिड छ। तिनको संख्या कति छ भन्ने कसैले गणना नगरेको भए पनि त्यो हरेक वर्ष बढ्दै गएको जस्तो देखिन्छ।

ती मध्ये केहीविरुद्ध नराम्रो काम गरेको, भ्रष्टाचार गरेको र यौन हिंसा गरेको समेत आरोप लागेको छ। राधे माँमाथि पनि कालो जादु गरेको भारतमा प्राविधिक रूपमा गैरकानुनी रहेको दाइजो उपलब्ध गराउन सहयोग गरेको आरोप पनि लागेको छ। तर प्रहरीको अनुसन्धानपछि ती सबै मुद्दा अदालतमा खारेज गरिए।तर हजारौं भक्तजनहरू अझ पनि यस्ता बाबा र माताको दर्शन गर्न आउने गर्छन्।

सन् २०२४ मा यस्तै एक भिडभाडमा भागदौड मच्चिँदा १२० जना मानिसको ज्यान गएको थियो। अखिल भारतीय अन्धविश्वास निर्मूल समितिका प्रमुख रहेका प्रोफेसर श्याम मानव भन्छन् , "ज्यादा जसो भारतीय परिवारको विश्वास हुन्छ कि यस्ता दैवी शक्ति वा सिद्धि प्रार्थना, ध्यान र पूजाबाट प्राप्त गर्न सकिन्छ र त्यस्ता शक्ति प्राप्त व्यक्तिले चमत्कार गर्न सक्छन्।""यस्ता सिद्धि प्राप्त व्यक्तिलाई मानिसहरू बाबा या माता मान्छन्।"

### राधे माँका भक्त को हुन?

गरिब या अनपढ मानिसहरू यस्ता सोचबाट ज्यादा प्रभावित हुन्छन् भन्ने आम धारणा हुने गर्छ। तर राधे माँका कैयौं भक्त धनी, पढे लेखेका र व्यापारिक घरानाका छन्।

मैले भेटेका पुष्पिन्दर भाटियाले अक्सफर्ड युनिभर्सिटीको सैद बिजनेस स्कूलमा पढेका हुन्। उनले 'एजुकेशन कन्सलटेन्सी' चलाउँछन्। उनी राधे माँको दर्शनका लागि बसेका महिलाको लाइनमा कुरिरहेका थिए। उनले मलाई भने - दैवी शक्तियुक्त मानव रूपको अनुयायी बनुँला भनेर उनले कहिल्यै सोचेका थिएनन्। पुष्पिन्दरले बताए, "सुरुआतमा मनमा कैयौं प्रश्न थिए, 'के भगवान् मानव रूपमा आउँछन्? के यो सत्य हो? के उनले यस्तो आशीर्वाद दिन्छिन् कि त्यसले तपाईंको जीवनै बदलिन्छ? यस्ता तथाकथित चमत्कार कसरी हुन्छन्?''पुष्पिन्दर भाटिया राधे माँको सम्पर्कमा त्यस बखत आए जब उनको परिवार एक बडो दुःखद घटनासँग जुझिरहेको थियो।

केहीले त्यस्तो बखतमा उनी कमजोर थिए त्यसैले त्यस्तो लाग्यो भन्ने ठाने पनि उनलाई लाग्यो राधे माँले उनको साँच्चिकै रेखदेख गरिन्।उनले भने, "मलाई लाग्छ पहिलो दर्शनमा नै उनको आभा मण्डलले मलाई आकर्षित गऱ्यो। मेरो विचारमा जब तपाईं उनको मनुष्य रूपभन्दा अलग्गै उनलाई हेर्नुहुन्छ तब तत्काल उनीसँग जोडिएको महसुस गर्नुहुन्छ।" राधे माँको दर्शनका लागि भक्तहरू लालायित रहन्छन्। मैले दिल्लीको एक घरमा त्यस्तै दर्शनको मौकामा प्रत्यक्षदर्शी बन्ने मौका पाएँ।

त्यहाँ आएका सयौं भक्तमध्ये ठूला व्यापारी र एकजना वरिष्ठ प्रहरी अधिकारीका परिवार पनि थिए जो उनको दर्शनका लागि हवाई यात्रा गरेर आइपुगेका थिए।म त्यहाँ पत्रकारको रूपमा दृश्यहरू हेर्न गएकी थिएँ। तर मलाई सबभन्दा पहिले उनको आशिर्वाद लिन भनियो। म उनको दर्शन पाउने लाइनको सबभन्दा अगाडि राखिएँ। त्यसपछि मलाई कसरी प्रार्थना गर्नुपर्छ भनेर सिकाइयो। अनि प्रार्थना सही रूपमा नगरे मेरो परिवारमाथि कति विपद् पर्न सक्छ भन्ने चेतावनी दिइयो।

राधे माँ लाई मन पर्ने रातो र सुनौलो रङमा सजाइएको उक्त कोठामा सबै कुरा उनको आँखाको इशारामा भइरहेको जस्तो लाग्थ्यो।उनी एक पलमा खुसी हुन्थिन् भने तत्कालै आक्रोशित पनि ... र त्यो आक्रोश कसरी हो उनको भक्तमा सर्थ्यो र उनी बेहोशीको अवस्थामा पुग्थे। पूरा कोठा शान्त हुन पुग्यो जब ती भक्त भुइँमा लडिबुडी गर्न थालिन्।

तर केही छिनपछि राधे माँका भक्तहरूले राधे माँसँग आक्रोश छोडेर माफ गरिदिन आग्रह गरे। एउटा लोकप्रिय बलिवुडको गीत बजाइयो। राधे माँ नाच्न थालिन् र जुन अब सबकुरा सामान्य भयो भन्ने संकेत थियो।भक्तहरूको लाइन फेरि अगाडि बढ्न थाल्यो। राधे माँ पन्जाबको गुरुदासपुर जिल्लाको एउटा सानो गाउँको मध्यम-वर्गीय परिवारमा जन्मिइन्। उनका आमा बाबाले उनको नाम सुखविन्दर कौर राखे।

उनले गुरुबाट पाएको मन्त्रको बलमा दैवी शक्ति प्राप्त गरेको दाबी गरिन्।सुखविन्दर कौरकी बहिनी रजिन्दर कौरले मलाई बताइन्, "बच्चाहरूले भन्छन् नि म पाइलट बन्छु वा डाक्टर बन्छु। राधे माँ सानो हुँदा सोध्ने गर्थिन्ः म को हुँ? त्यसैले पिताजीले उनलाई एक जाने मानेका गुरुकहाँ लग्नुभयो। ती गुरुले भने कि उनी भगवतीकी स्वरूप हुन्।"रजिन्दर कौरले अहिले राधे माँको नाममा बनेको एक कोठे मन्दिर व्यवस्थापन गर्छिन् जुन सुखविन्दरका पति मोहन सिंहले विदेशमा कमाइ गरेर बनाइदिएका थिए।बीस वर्षको उमेरमा उनको बिहे मोहन सिंहसँग भयो र उनी मुकेरियाँ सहरमा बस्न थालिन्। उनका पति कमाउनका लागि विदेश गए।

रजिन्दर कौर भन्छिन्, "हामी उनलाई 'ड्याडी' भन्छौं। उनी माँ हुन् त उनी हाम्रा पिता भए।"जब राधे माँका पति विदेशमा थिए उनी आफ्ना दुवै छोरालाई आफ्नी बहिनीसँग छोडेर आफू भक्तहरूको घरमा बस्न थालिन्। उनका ज्यादा जसो भक्त व्यापारी थिए।एक सहरदेखि दोस्रो सहर हुँदै उनी भारतको व्यापारिक राजधानी मुम्बई पुगिन्। त्यहाँ उनी एक दशकभन्दा बढी एक व्यापारी परिवारसँग बसिन्। र अन्ततः आफ्नो परिवारमा फर्किइन्।जस जसको घरमा राधे माँ बसिन् उनीहरू ठान्छन् देवी माँको चरण परेका कारण उनीहरूको घरमा समृद्धि आयो। उनीहरू अहिले सबभन्दा ठूला भक्त हुन् उनका।

> "जब राधे माँका पति विदेशमा थिए उनी आफ्ना दुवै छोरालाई आफ्नी बहिनीसँग छोडेर आफू भक्तहरुको घरमा बस्न थालिन्। उनका ज्यादा जसो भक्त व्यापारी थिए। एक सहरदेखि दोस्रो सहर हुँदै उनी भारतको व्यापारिक राजधानी मुम्बई पुगिन्। त्यहाँ उनी एक दशकभन्दा बढी एक व्यापारी परिवारसँग बसिन्। र अन्ततः आफ्नो परिवारमा फर्किइन्।जस जसको घरमा राधे माँ बसिन् उनीहरु ठान्छन् देवी माँको चरण परेका कारण उनीहरुको घरमा समृद्धि आयो।

### 'देवीको' सांसारिक दुनिया

राधे माँको दुनियाँ अनौठो छ। यसमा दिव्यताको साथमा सांसारिक चिजबिज र नाता सम्बन्धको जालो पनि छ।उनी आफ्ना व्यापारी छोराहरूले बनाएको ठूलो महलमा बस्छिन्। छोराहरूको बिहे ठूला व्यापारिक घरानासँग भएको छ।बाँकी परिवारबाट अलगै राधे माँ हवेलीको एक अलग तलामा बस्छिन्। कसैलाई दर्शन दिन परेमा वा कुनै सार्वजनिक कार्यक्रममा भाग लिन हवाई जहाजबाट दोस्रो सहर जान परे मात्र उनी घरबाट बाहिर निस्कन्छिन्। राधे माँका सबै सार्वजनिक कार्यक्रम उनकी ठूली बुहारी मेघा सिंह व्यवस्थापन गर्छिन्।

मेघा भन्छिन्, "पहिलो त उहाँ हामीसँग बस्नुहुन्न। हामीमाथि उहाँको कृपा छ र हामी उहाँको शरणमा छौं। दोस्रो, उहाँले हामीलाई परिवार होइन भक्तका रूपमा लिनुहुन्छ। "राधे माँ को नाममा आउने दानको हिसाब-किताब उनको परिवारका मानिस र नजिकका भक्तहरूले राख्छन्।मेघा भन्छिन्, "राधे माँको दिशा-निर्देश अनुसार बनेको एक सोसाइटी भक्तहरूले चलाउँछन्। त्यसमा जरुरत परेकाहरूले आवेदन दिन्छन्। उनीहरूको जरुरतबारे जाँच पडतालपछि उनीहरूलाई मद्दत गरिन्छ वा उपहार दिइन्छ। राधे माँ आफै भने सब सांसारिक चिजहरूबाट टाढा छिन्। "तर राधे माँ लाई तडक-भडक वाला कपडा र गहना मन पर्छ।

बीबीसीसँगको कुराकानीमा राधे माँले भनिन्, "म राम्रा कपडा र रातो लिपस्टिक लगाउन मन पराउँछु जुन हरेक विवाहित महिलाले गर्नुपर्छ। मलाई मेक अप गर्न भने मन पर्दैन।" तर उनी मेकअपमा नै भेटिन्छिन्।मेघा भन्छिन्, "तपाईं सधैं भगवानको मूर्तिका लागि सबभन्दा सुन्दर भेसभुसा किन्नुहुन्छ। तब जिउँदो देवीलाई किन त्यसो नगर्ने? हामीसँग एक देवी हुनुहुन्छ, हामी भाग्यमानी हौं ।"

सन् २०२० मा राधे माँ आफ्नो उही रातो पहिरन र हातमा त्रिशूलसहित रियालिटी टीवी शो बिग बोसका सहभागीहरूका घरलाई आशीर्वाद दिन आइन्। त्यसबेला पनि उनलाई चिनाउने रातो पहिरन र सुनौलो रङको त्रिशूल लिएर आएकी थिइन्।उनको आजको रूप उनको पुरानो रूपभन्दा असाध्यै फरक छ। मैले पन्जाब गएर उनका भक्तहरूसँग भेट्दा उनीहरूले मलाई उनको पुरानो तस्बिरहरू देखाए। पन्जाबकी सन्तोष कुमारीले आफ्नो घरको मन्दिरमा भगवान् शिव र पार्वतीको तस्बिरसँगै राधे माँको तस्बिर पनि राखेकी छन्।

उनले मलाई बताइन् - उनका पतिलाई हृदयाघात भएर अस्पताल भर्ना भएका बेला उनी राधे माँसँग आशीर्वाद लिन गइन्।सन्तोष कुमारीले भनिन्, "देवी माँकै कारण म आज पनि सधवा छु। देवी माँको मुखबाट त्यसबेला रगत आयो। त्यही रगत मेरो सिउँदोमा लगाइदिँदै माँले भन्नुभयो - केही नराम्रो हुने छैन तिम्रो श्रीमानलाई सञ्चो हुन्छ।"मलाई आश्चर्य लाग्यो उनका कैयौं भक्तहरूले राधे माँको दैवी शक्तिका कारण कैयौं पटकउनको जिब्रोमा रगत देखिने गरेको विश्वास गर्छन्।

श्री राधे माँ च्यारिटेबल सोसाइटीले हरेक महिना सन्तोष कुमारीसमेत करीब पाँच सय महिलालाई एकदेखि दुई हजार रुपैयाँ पेन्सन दिने गर्छ। यस्तो पेन्सन पाउने ज्यादाजसो विधवा या एकल महिला छन्।पेन्सन पाउने गरेका यी भक्तहरूले चमत्कारका कैयौं कथा भने। तर उनीहरूमा भयको मात्रा पनि थियो। सुरजीत कौरले भनिन्, "हामी उनको बारेमा केही भन्न सक्दैनौं किनभने त्यसले हामीलाई नराम्रो गर्न सक्छ। मैले दियो नबाल्ने हो भने मलाई नोक्सान हुने गर्छ, म बिरामी पर्छु।"

कौर राधे माँको दैवी शक्तिबारे यति आश्वस्त छन् कि माँको नाममा हरेक दिन तस्बिर अगाडि बत्ती बाल्छिन्। प्रोफेसर मानव भक्तहरूमा देवी माँको आशीर्वाद हराउला भन्ने त्रास रहने बताउँछन्।

उनी भन्छन्, "ल अफ प्रोबेबिलिटी अनुसार केही भविष्यवाणी सत्य हुन्छन्, त्यसको श्रेय बाबाहरूले पाउँछन्। तर जुन सत्य हुँदैनन् त्यसो नहुनुको दोष बाबासम्म पुग्दैन। भक्तहरू आफैमाथि दोष दिन थाल्छन्। हाम्रै भक्तिमा केही कमी हुन पुग्यो या मेरो भाग्य नै यस्तो हो भन्दै भक्तहरूले आफैलाई दोष दिन थाल्छन्।"राधे माँको सार्वजनिक कार्यक्रममा आएकाहरूमध्ये उनको चमत्कारको दाबीमाथि अविश्वास गर्नेहरू पनि मैले कैयौं भेटें।दिल्लीको एक कार्यक्रममा भेटिएकी एक महिलाले यी दाबीलाई "काल्पनिक" भनिन्।

दोस्री महिलाले पनि कुनै चमत्कार आफ्नो आँखाले नदेखेको बताइन्। मेकअप गर्दैमा र महँगो कपडा पहिरिँदैमा कोही व्यक्ति भगवान् बन्दैन।र पनि यिनीहरू राधे माँको कार्यक्रममा आएका थिए। रियालिटी टीवी शोमा हेरेपछि खासमा राधे माँ कस्ती रहीछन् भनेर हेर्न मन लागेर आएको उनीहरूले बताए।यो अनुसन्धानका क्रममा मैले त्यस्ता मान्छे पनि भेटें जो कुनै बेला राधे माँका भक्त थिए। उनीहरूले राधे माँको चमत्कार या आशीर्वादले काम नगरेको बरु उल्टै नोक्सान भएको आरोप लगाए। तर उनीहरूमध्ये कसैले पनि आफ्नो परिचय खुलाउन चाहेनन्।

उनीहरूसँग कुराकानीपछि उनका भक्तबारे तथा उनको दैवी शक्तिमाथि उनीहरूको विश्वास र उनीहरूले गर्न चाहेको सेवाका बारे मेरो जिज्ञासा थप बढ्यो। एक साँझ राधे माँले आफ्नो कोठाको जमिनमा बसेका आफ्ना सबभन्दा नजिकका भक्तसँग जनावरहरूको आवाज निकाल्न भनिन् र उनीहरूले माने त्यो देखेर म स्तब्ध भएँ।राधे माँले उनीहरूलाई कुकुर र बाँदरको जस्तो व्यवहार गर्न भनिन्। उनीहरू आज्ञा पालन गरेर भुक्न र चिच्याउन थाले र कन्याएको अभिनय गर्न थाले।मैले यस्तो कहिल्यै देखेकी थिइनँ।राधे माँ की बुहारी मेघा सिंह पनि त्यही कोठामा थिइन्। मैले उनलाई भक्तहरूको त्यस्तो व्यवहारबारे प्रश्न गरेँ।उनले कत्ति पनि आश्चर्य मानिनन् ।

उनका अनुसार राधे माँ पछिल्लो तीन दशकदेखि दर्शन दिनुबाहेक अरू समय आफ्नो कोठाभित्रै रहन्छिन्।मेघाले भनिन्, "त्यसैले उनीसँग मनोरञ्जनको यो एक मात्र उपाय छ। हामी ठट्टा गरेर या चुट्किला सुनाएर उनी मुस्कुराऊन् भन्ने चाहन्छौं। "यो जबाफले मलाई त्यो चेतावनी सम्झना गरायो जुन मलाई बारम्बार दिइएको थियो - भक्तहरूले पूरा श्रद्धा राख्न जरूरी छ।जस्तो कि, जब मैले पुष्पिन्दर सिंहसँग सोधेँ - राधे माँ आफ्ना भक्तहरूसँग के माग्छिन्?

उनले भने, " केही पनि माग्दिनन्। उनी भन्छिन्, 'जब मसँग आउँछौ त दिल र दिमाग खोलेर आऊ' । मैले देखेकी पनि छु कि मानिसहरू नयाँ हुन् या पुराना उनीहरूका लागि राधे माँ ले चमत्कार गर्नुहुन्छ। यदि तपाईं उनको परीक्षा लिन आउनु हुन्छ भने तपाईं त्यो सङ्गतमा जोडिनु हुन्न। "उनीहरूले मलाई भनेको के हो भने आस्थाले तर्कसहित सबै कुराको समर्पण माग्छ ।प्रोफेसर मानवका अनुसार सवाल नगरीकनै पूर्ण श्रद्धा राख्नु नै 'अन्धविश्वास' हो ।

उनले भने, "जसले आफ्नो गुरुमाथि अडिग श्रद्धा राख्छ उसैलाई ज्ञान प्राप्त हुन्छ भनेर हामीलाई भन्ने गरिन्छ । जो शङ्का गर्छ वा जाँच्ने कोसिस गर्छ उसले आफ्नो आस्था गुमाउँछ। "अन्धविश्वास भनौं वा आस्था, राधे माँलाई यकिन छः उनका भक्त उनको पक्षमा रहने छन्। जसलाई उनको चमत्कारमाथि यकिन छैन या उनलाई ढोँगी मान्छन् राधे माँलाई त्यसको कुनै फिक्री छैन।राधे माँ मुस्कुराउँदै भन्छिन्, "आई डोन्ट केयर ।""किनकि भगवानले माथिबाट हेरिरहनु भएको छ र मेरो रक्षा गरिरहनु भएको छ।"

# अमेरिकाद्वारा पाँच लाख आप्रवासीको कानुनी मान्यता खारेज

एएफपी

वासिङ्टन । संयुक्त राज्य अमेरिकाले शुक्रबार लाखौं आप्रवासीको कानुनी हैसियत समाप्त गर्ने घोषणा गरेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी इतिहासकै सबैभन्दा ठूलो निर्वासन अभियान सञ्चालन गर्ने र मुख्यतः ल्याटिन अमेरिकी मुलुकबाट आउने आप्रवासीलाई नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

आगामी बर्षको जनवरीसम्म लागु हुने यो आदेशले ट्रम्पका पूर्ववर्ती जो बाइडेनले अक्टोबर २०२२ मा सुरु गरेको एक योजना अन्तर्गत संयुक्त राज्य अमेरिका आएका लगभग पाँच लाख ३२ हजार क्युबा, हाइटी, निकारागुआ र भेनेजुएलाका नागरिकहरूलाई प्रभावित गर्नेछ ।

अमेरिकी गृहमन्त्रालयको आदेश सङ्घीय रजिस्टरमा प्रकाशित भएको ३० दिनपछि उनीहरूले आफ्नो कानुनी सुरक्षा गुमाउनेछन्। यसको अर्थ यो कार्यक्रमद्वारा प्रायोजित आप्रवासीहरूले अप्रिल २४ सम्ममा 'संयुक्त




राज्य अमेरिका छोड्नुपर्छ' जबसम्म उनीहरूले देशमा रहन अनुमति दिने अर्को आप्रवासन स्थिति प्राप्त गर्दैनन्, आदेशमा भनिएको छ।

संयुक्त राज्य अमेरिकामा शरण लिन चाहनेहरूलाई समर्थन गर्ने गैरनाफामुलक संस्था वेलकम डट युएसले कदमबाट प्रभावित भएकाहरूलाई 'तुरुन्तै' अध्यागमन वकिलको सल्लाह लिन आग्रह गरेको छ।सन् २०२३ को जनवरीमा घोषणा गरिएको क्युबा, हाइटी, निकारागुआ र भेनेजुएलाका नागरिकका लागि (सीएचएनभी) कार्यक्रमले मानव अधिकारको गम्भीर अभिलेख भएका यी चार मुलुकबाट प्रतिमहिना ३० हजार आप्रवासीलाई दुई वर्षका लागि अमेरिका प्रवेशको अनुमति दिएको थियो ।

बाइडेनले यो योजनालाई अमेरिका र मेक्सिकोको भीडभाड हुने सीमामा दबाब कम गर्ने 'सुरक्षित र मानवीय' तरिकाको रूपमा व्याख्या गर्नुभएको थियो । गृहमन्त्रालयले शुक्रबार यो योजना 'अस्थायी' भएको बताएको छ ।आदेशमा भनिएको छ, "प्यारोल स्वाभाविक रूपमा अस्थायी हो, र प्यारोल मात्र कुनै पनि अध्यागमन स्थिति प्राप्त गर्नका लागि अन्तर्निहित आधार होइन, न त यो संयुक्त राज्य अमेरिकामा प्रवेश हो।"

क्यालिफोर्नियाका अध्यागमन वकिल निकोलेट ग्लेजरका अनुसार यो आदेशले सीएचएनभी योजनाअन्तर्गत अमेरिका प्रवेश गरेका ५० लाख आप्रवासीमध्ये अधिकांशलाई असर गर्नेछ।

"यसका लागि 'केवल ७५ हजार शरण आवेदनहरू कानुनी रूपमा दायर गरिएको थियो, त्यसैले सीएचएनभी प्यारोलहरूको विशाल बहुमतले आफूलाई स्थिति, वर्क परमिट र निष्कासनको लागि योग्य ठहर गर्नेछ," उहाँले एक्समा पोस्ट गर्नुभएको छ ।

# जापान, चीन र दक्षिण कोरिया शान्ति र सहयोग प्रवर्द्धन गर्न सहमत

एएफपी

जापान । दक्षिण कोरिया र चीनले कोरियाली प्रायद्वीपमा शान्ति स्थापना गर्नु साझा जिम्मेवारी भएको तीन देशका शीर्ष कूटनीतिज्ञको बैठकमा शनिबार सहमति भएको छ ।

गत बर्षको मे महिनामा सियोलमा भएको दुर्लभ त्रिपक्षीय शिखर सम्मेलनपछि भएको वार्तामा ऐतिहासिक र क्षेत्रीय विवादबाट गुज्रिरहेका छिमेकीहरू सम्बन्धलाई प्रगाढ बनाउन सहमत भएका थिए। उनीहरूले आणविक निःशस्त्रीकरण कोरियाली प्रायद्वीपको आफ्नो लक्ष्यलाई दोहोऱ्याएका थिए ।उत्तर कोरियाले गरेको हतियार परीक्षण र युक्रेनविरुद्धको रुसको युद्धलाई समर्थन गर्न उसले तैनाथ गरेको सेनाको तैनाथीबारे चिन्ता बढिरहेका बेला यस क्षेत्रमा अमेरिकाले व्यापार कर वृद्धि गरेको छ ।

"कोरियाली प्रायद्वीपमा शान्ति र स्थिरता कायम गर्नु तीनै देशको साझा हित र जिम्मेवारी हो भन्ने कुरामा हामीले पुनः पुष्टि गरेका छौं," दक्षिण कोरियाका राष्ट्रपति चो ताइ-युलले शनिबार भन्नुभयो । उहाँले भन्नुभयो, "यसका साथै मैले रुस र उत्तर कोरियाबीचको अवैध सैन्य सहयोग तत्काल रोक्नुपर्नेमा जोड दिएको छु ।"सियोल र टोकियोले प्योङ्याङको सबैभन्दा महत्वपूर्ण सहयोगी र आर्थिक हितैषी रहेको चीनभन्दा उत्तर कोरियाविरुद्ध बलियो अडान लिने गरेका छन् ।

जापानका विदेशमन्त्री ताकेशी इवायाले आफू, चो र चीनका विदेशमन्त्री वाङ यीबीच त्रिपक्षीय सहयोग र क्षेत्रीय अन्तर्राष्ट्रिय मामिलामा स्पष्ट विचार आदानप्रदान भएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी भविष्य-केन्द्रित सहयोगलाई बढावा दिनेछौं।""अन्तर्राष्ट्रिय परिस्थिति झन्झन् गम्भीर बन्दै गएको छ र हामी इतिहासको एउटा निर्णायक मोडमा छौं भन्नु अतिशयोक्ति होइन," इवायाले शनिबारको बैठकमा भन्नुभयो ।

उहाँले भन्नुभयो, "यस सन्दर्भमा संवाद र सहकार्यका माध्यमबाट विभाजन र मुठभेडलाई परास्त गर्ने प्रयास गर्नु पहिलेभन्दा बढी महत्वपूर्ण भएको छ ।"वाङले यस वर्ष दोस्रो विश्वयुद्धको अन्त्यभएको ८० औं वर्षगाँठ मनाइने र 'इतिहासलाई इमानदारीपूर्वक मनन गरेर मात्र हामी भविष्य निर्माण गर्न सक्छौं' भन्नुभयो । उहाँले भन्नुभयो, "सहयोगलाई मजबुत बनाउनुले देशहरूलाई 'संयुक्त रूपमा जोखिमहरूकोप्रतिरोधगर्न'रउनीहरूबीच 'पारस्परिक समझदारी'लाई बढावा दिन मद्दत गर्दछ ।

### नयाँ आर्थिक अवसर

शनिबारको एजेन्डामा युक्रेन युद्ध पनि समावेश थियो । युक्रेनबारे बोल्दै जापानी कुटनीतिज्ञ इवायाले एकतर्फी रूपमा बलपूर्वक यथास्थितिको परिवर्तन गर्नु कहीँ पनि अस्वीकार्य हुने धारणा राख्नुभएको थियो ।

# भारतीयको रोजाइमा सिन्की, नेपाली हस्तकला र विजयसालका भाँडा

देहरादुन । "आउनुहोस्, भाँडा र जानकारीमध्ये कम्तीमा एउटा लैजानुहोस्", स्टलमा आउने सबैजसो ग्राहकलाई विजयसालका भाँडा देखाउँदै कञ्चनपुरका गणेशराज बोहोराले भन्नुभयो, "यी भाँडामा पानी राखेर खाँदा फाइदै फाइदा छन् ।"

भारतको देहरादूनमा शुक्रबारदेखि सुरु इन्डो-नेपाल व्यापार मेलामा अकलोकनकर्तालाई बोहोराले विजयसालका भाँडामा पानी राखेर खाँदाका अनेकन फाइदा एक-एक गरी सुनाउनुभयो । "रातभर यी भाँडामा पानी राखेर बिहान खाली पेटमा पिउँदा मधुमेह, उच्च रक्तचाप, कोलेस्टोरेल, शरीरको दुःखाइ निको पार्छ, शरीरको दुखाइ तौल नियन्त्रण गर्न पनि राम्रो हुन्छ", उहाँले भन्नुभयो ।

उपभोक्ताले उहाँका कुरा चाख मानेर सुनिरहेका थिए । "भाँडा बनाउनेले आयुर्वेदका कुरा गरेको नसुहाउला, म त धेरै जान्दिन, यसबारे इन्टरनेटमा सर्च गर्नु त", उहाँले थप्नुभयो । सामान बिक्री गर्नुभन्दा बढी यसबारे जानकारी दिनु हो भन्ने उहाँलाई लाग्छ । सबैले यसको महत्व थाहा पाए, यति सामान बिक्री हुन समय लाग्दैन भन्ने उहाँले बुझ्नुभएको छ । त्यसैले उहाँ सबैलाई फोटो खिच्न र युट्युवमा भिडियो हेर्न आग्रह गर्दै हुनुहुन्थ्यो । "आज नकिन्नेले घर गएर युट्युवमा हेरे भोलि किन्न आइहाल्छन्, त्यसैले सबैलाई यसबारे फोटो खिच्न भनिरहेको छु", उहाँले भन्नुभयो ।

अघिल्ला दुई वटा महोत्सवमा राम्रो व्यापार हुँदा हौसिनुभएका उहाँले यसपाली १०२ वटा काठका भाँडा ल्याउनुभएको रहेछ । यसपटक उद्घाटन नहुँदै नौ वटा बिक्री भइसकेको उहाँले बताउनुभयो । "पहिलो वर्ष १५० र दोस्रो वर्ष २३० वटा २/३ दिनमै बिक्री भइसकेका थिए, यसपाली पनि सुरुआत राम्रो छ", उहाँले भन्नुभयो । उहाँले विजयसाल काठबाट बनेका आम्खोरा, गिलास र कप बनाउनुभएको छ । धेरै पैसा खर्च नगर्नेका लागि स-साना आकर्षक टुक्रा पनि बनाउनुभएको छ ।

कञ्चनपुर भीमदत्त नगरपालिका-१ भाँसी मेरिट महिला मार्केटिङका सञ्चालक बोहोराले २०५७ सालदेखि विजयसालका



भाँडा बनाउन सुरु गरेको बताउनुभयो । "पहिले त धेरै भाँडा बनाउँथे, अहिले काठ पाइनै छाड्यो, कुनै समय वर्षमा १० हजारसम्म भाँडा बनाए, अहिले ३/४ सय पनि पुग्दैन", उहाँले भन्नुभयो ।

विजयसाललाई संरक्षित बोटको सूचीमा राखेपछि काठ पाउन गाह्रो भएको उहाँको भनाइ छ । उहाँका अनुसार यो काठ कञ्चनपुर, कैलाली र कपिलवस्तुका वनमा बढी पाइन्छ । अहिले कञ्चनपुरका वनमा ढलेपडेका काठ बोलपत्रमार्फत खरिद गर्नुपर्छ, एक क्युफिटको रु तीन हजार तीन सय पर्ने तर पनि पाउन गाह्रो हुने उहाँले बताउनुभयो ।

काठ पाउन छाडेपछि उहाँले पछिल्लो समय भीमदत्त, बेदकोट र बेलोरीका ३०० विरुवा वितरण गर्नुभएको छ । आफैँले पनि तीन वटा बोट रोपेको बताउनुभयो । "मैले रोपेको २० वर्ष जति भयो, २०/२२ फिट अग्लो भएको छ, यो काठका लागि मात्रै होइन, खोट र पातको पनि ओषधीय प्रयोग गर्ने चलन छ", उहाँले भन्नुभयो ।

महोत्सवमा विजयसालका काठबाट निर्मित भाँडामा जस्तै नेपाली रुद्राक्ष तथा बोधिचित्तको माला, सल्यानको खुकुरी, पाल्पामा उत्पादित ढाकाका विभिन्न पहिरन, सिन्की, नेपाली पोते, मस्यौराका साथै रुकुम रोल्पामा उत्पादित भीर मौरीको मह, थाङ्का चित्रकलामा पनि देहरादूनबासीले उत्तिकै चासो दिएका छन् । महोत्सवमा नेपाली हस्तकला धेरैले मन पराएका छन् ।

महोत्सवमा भाग लिन चितवन भरतपुरबाट आउनुभएकी मान्द्रो नेपालकी सञ्चालक अम्बी धितालले आफूले नेपाली उत्पादनहरु मस्यौरा, तितौरालगायत ल्याएको बताउनुभयो । "हाम्रो कुल उत्पादनमध्ये ६० प्रतिशत विदेश निर्यात हुन्छ, यो महोत्सवले देहरादूनमा बजार विस्तारमा सहयोग गर्ने अपेक्षा छ", उहाँले भन्नुभयो ।

महोत्सवमा काठमाडौँ कीर्तिपुरबाट पुग्नुभएकी राजधानी हस्तकलाकी सञ्चालक रजनी चित्रकार आफू यसअघि तीन पटक यस महोत्सवमा सहभागी भइसकेको उल्लेख गर्दै विगतका महोसत्वमा राम्रो व्यापार भएकाले यसपाली पनि आएको बताउनुभयो । "सामान यहाँसम्म ल्याउन कञ्चनपुर उद्योग वाणिज्य सङ्घले सहयोग गरेको छ, स्टल निःशुल्क उपलब्ध गराएको छ, महोत्सवले नेपाली हस्तकलाको बजारीकरणका लागि सहयोग पुगेको छ", उहाँले भन्नुभयो ।

कैलाली घोडाघोडी-२ मा अशिषेक मौरीपालन फर्म सञ्चालक उमा खत्रीले महोत्सव नेपाली उत्पादनको प्रचारप्रसारका लागि उपयुक्त थलो भए पनि उत्पादन ल्याउनका लागि सहज नभएको बताउनुभयो । "महोत्सवमा सहभागी हुँदा नेपाली उत्पादनको प्रचारप्रसार तथा नयाँ बजार खोज्नमा सहयोग पुग्छ तर सीमाबाट सामान ओसारपसारमा भने सहज हुनु जरुरी छ", नेपाल मौरीपालन सङ्घका केन्द्रीय उपाध्यक्ष खत्रीले भन्नुभयो, "अहिले पनि सामान ल्याउन सहज भएन, दुवै देशका सरकारले यस विषयमा ध्यान दिन जरुरी छ ।"

काठमाडौँ नागार्जुनमा ग्लोबल नेचर एग्रोटेक सञ्चालन गरिरहनुभएकी संगीता गुरुङले रोल्पा र रुकुममा उत्पादित भीर मौरीको मह ल्याएको बताउनुभयो । "श्रीमान ओमप्रकाश गुरुङ आफैँ भीर मौरीको मह निकाल्न जानुहुन्छ, भीर मौरीको मह धेरैले रुचाउनुभएको छ, त्यसबाहेक टिमुर र कोदोको पीठोको बिक्री पनि राम्रो छ", उहाँले भन्नुभयो, "महोत्सवका कारण नेपाली उत्पादनलाई यहाँसम्म ल्याउन सजिलो भयो ।"

काठमाडौँ कोटेश्वरमा कोसेली ढाकाका सञ्चालक करुण राईले भने हातले बुनेका विभिन्न पोशाक ल्याएको बताउनुभयो । "यो पोशाक मात्रै होइन, नेपाली पोशाक र नेपाली हस्तकलाको प्रवर्द्धन पनि हो, देहरादूनमा उल्लेख्य सङ्ख्यामा नेपाली रहेकाले महोत्सवमा सहभागी भएका हौँ", उहाँले भन्नुभयो ।

महोत्सवमा भक्तपुरस्थित कुवेर थाङ्का एण्ड आर्टस् एण्ड ट्रेडर्सका सञ्चालक लायन तामाङ पनि भेटिनुभयो । उहाँले स्टलमा रुद्राक्ष, बोधिचित्तका मालाका साथै, रु ५० हजारसम्म मूल्य पर्ने थाङ्का बिक्रीका लागि राख्नुभएको छ । "महोत्सव नेपाली चित्रकलालाई अन्तरराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने अवसर पनि हो, चित्रकलामा धेरैले चाखपूर्वक अवलोकन गरेका छन्", उहाँले भन्नुभयो ।

त्यसअवसरमा अल्लोबाट निर्मित वस्तु, सल्यानी खुकुरी, ढाकाका कपडा, नेपाली पोतेलगायतका गहना, नेपालमा उत्पादित जुत्ता तथा विभिन्न हस्तकलाका सामग्री प्रदर्शनीमा राखिएका छन् । महोत्सवमा नेपालका ५० र भारतका १५० वटा स्टल छन् ।रासस

# विश्व पानी दिवस मनाइँदै




काठमाण्डु । 'हिमनदी संरक्षण' भन्ने मूल नाराका साथ आज विश्वभर विभिन्न कार्यक्रम गरी पानी दिवस मनाइँदैछ ।

बढ्दो सहरीकरण, औद्योगीकरण, जलवायु परिवर्तन, वर्षाको ढाँचामा आएको परिवर्तन, अत्यधिक पानीको उपयोगसहितका कैयौँ कारकबाट पानी सङ्कट उत्पन्न भइरहेको सन्दर्भमा यस दिवसले महत्त्वपूर्ण शिक्षा दिने विश्वास लिइएको छ । पछिल्ला दिनमा जलवायु परिवर्तनका कारण हिमनदी सुक्दै गएको र त्यसले मानव जीवन र समग्र प्रकृतिमाथि ठूलो चुनौती थपिरहेको भन्ने आत्मबोधका साथ यस पटक पानी दिवसको मूल नारा नै हिमनदीको संरक्षण राखिएको छ ।

सन् १९९३ यता हरेक वर्ष २२ मार्चमा मनाइने यो दिवस सुरक्षित तथा स्वच्छ पानीको महत्वमा केन्द्रित संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी पहल हो । सुरक्षित र स्वच्छ पानी व्यवस्थापनका लागि आवश्यक रणनीतिसहितको कदम चाल्न र यसबारे जनचेतना अभिवृद्धि गर्न यो दिवसले सहयोग गर्दै आएको छ ।संसारभर कुल ९७ दशमलव पाँच प्रतिशत पानी समुद्रको रहेको छ । त्यो पानी नूनिलो भएकाले पिउन, सिँचाइ र विद्युत् उत्पादनको लागिसमेत प्रयोग गर्न मिल्दैन । पानीको सदुपयोग गर्न नसक्दा संसारभर नै समस्या बढ्दै गएको छ । अन्तरराष्ट्रिय पानी व्यवस्थापन संस्थाका अनुसार प्रत्येक वर्ष एक जनाका लागि नौ हजार घनमिटर पानीको आवश्यकता पर्छ ।

संसारभर उपलब्ध पानीमध्ये २.५ प्रतिशतमात्र पिउनयोग्य उपलब्ध छ । मूल, खोला, नदी, हिमनदीबाट उपलब्ध हुने पानी नै मानवीय प्रयोगका लागि उपयुक्त छ । पृथ्वीको उत्तरी तथा दक्षिणी ध्रुवमा उपलब्ध हुने पानी मानवीय उपभोगका लागि योग्य मानिएको छ ।

नेपालको हकमा प्रतिव्यक्ति कुल जलस्रोत उपभोग क्षमता तीन हजार ६०० घनमिटर पर्न आउँछ तर हाम्रो देशमा हालसम्मको उपभोग दर प्रतिव्यक्ति तीन सय ९३ दशमलव पाँच घनमिटर छ ।संसारभर १३ खर्ब ८६ अर्ब वर्गकिलोमिटर क्षेत्रमा पानी रहेको छ । औद्योगिक राष्ट्रको कहालीलाग्दो औद्योगीकरण, जलवायु परिवर्तन र तापमान वृद्धिका कारण पानीको परम्परागत मूल सुक्दै गएका छन् । पछिल्ला वर्षमा हिमनदी सुक्दै गएका छन् भने विश्वका करिब एक अर्ब मानिस पानीको समस्यामा छन् ।

जलवायु परिवर्तनले संसारभर पारेको प्रभाव हरितगृह ग्याँस उत्सर्जन, हिमनदी र हिमताल फुट्ने खतरा बढेको सन्दर्भलाई मनन् गर्दै अगाडि बढ्नु जरुरी भइसकेको छ । नदीमा मानवीय अतिक्रमण बढेको, अनियमित तवरले भूमिगत पानी निकालिएको, पानीको रिचार्ज गर्नेतर्फ ध्यान दिन सकिएको छैन । वर्षातको पानी पनि खेर गइरहेको छ ।संयुक्त राष्ट्रसङ्घका अनुसार ४० देखि ६० प्रतिशत पानी चुहावट र दुरुपयोग हुने गरेको छ । विश्वभर रहेका सात अर्ब बढी मानिस २५ लिटरका दरले मात्रै पानी उपलब्ध गराउने हो भने एक खर्ब ७५ अर्ब लिटर पानी आपूर्ति गर्नुपर्ने हुन्छ ।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८१/१२/२४ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा | २०८१/१२/२६ गते, मंगलबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : श्री लालीगुराँस इङ्गलिस वोर्डीङ्ग स्कुल धनुसा प्रा.लि.**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. १२६४९९/०७१/०७२, दर्ता मिति : २०७१/०५/२६, पान नं. ६०२४१५९७२, दर्ता मिति : २०७१/०९/२८<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा वडा नं. ८ |

**ऋणी तथा जमानतकर्ताको विवरण**

**नाम : राजिव कुमार यादव**
ना.प्र.नं. १७१०८५/३२१, जि.प्र.का. धनुषा, जारी मिति : २०६७/०६/१९
बाबुको नाम : राम बहादुर यादव, बाजेको नाम : रघुनाथ यादव
ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : रामविर यादव**<br>ना.प्र.नं. ८८२१२१७२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४४/११/०४<br>बाबुको नाम : रघुनाथ यादव<br>बाजेको नाम : लखन यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ | **२. नाम : जानकि कुमारी देवी**<br>ना.प्र.नं. ८८२१२१७३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४४/११/०४<br>पतिको नाम : राम बहादुर यादव<br>ससुराको नाम : रघुनाथ यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ |
| **३. नाम : संजय कुमार यादव**<br>ना.प्र.नं. ८८२१३०१५, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५५/०४/१७<br>बाबुको नाम : विश्वनाथ यादव<br>बाजेको नाम : मुखि यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६<br>हाल : धनुषा जिल्ला, लक्ष्मिनिया वडा नं. ३ | **४. नाम : राम बहादुर यादव**<br>ना.प्र.नं. ८८२१२०८० जि.प्र.का. धनुषा<br>जारी मिति : २०४२/०९/२३<br>बाबुको नाम : रघुनाथ यादव<br>बाजेको नाम : लखन यादव<br>ठेगाना : धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. ६ |

**धितोको विवरण**

१. राम बहादुर यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४७६ को क्षेत्रफल ०-०-७-० विगाहा र धनुषा जिल्ला, अजगेवा हरीनमरी वडा नं. ८ स्थित कित्ता नं. १२९ को क्षेत्रफल ०-२-५-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. जानकी कुमारी देवीको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ३३६ र ३८९ को क्षेत्रफल क्रमशः ०-०-१९ र ०-०-९ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. रामविर यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-१ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. धनी ज्योति विकास बैंक भई ऋणी राजिव कुमार यादवको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेष्ता कायम रहेको बा २० च ९२२७, TOYOTA ETIOS CROSS V 1.5L को च्यासिस नं. MBSM29BTX02058377-0618, इन्जिन नं. 2NRD161862 रहेको NGK12R-AHMUKX सवारी साधन १ थान ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| २. | **नाम : रिद्धि रिद्धम कृषि तथा पशुपंक्षि मत्स्य पालन**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरी<br>दर्ता नं. १०७३४/१४०/०८०/०८१, दर्ता मिति : २०८०/०६/१०, पान नं. ६२०४७३१४१, दर्ता मिति : २०८०/०६/१०<br>ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, **प्रोप्राइटर : विपीन यादव** |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : शैल देवी**<br>ना.प्र.नं. १८३०६४/९३७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/२५<br>पतिको नाम : विपीन यादव<br>ससुराको नाम : दिनकर राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ | **२. नाम : विपिन यादव**<br>ना.प्र.नं. ०३३५२८५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५१/१२/१३<br>बाबुको नाम : दिनकर राय यादव<br>बाजेको नाम : मैजे यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ |

**धितोको विवरण**

विपीन यादवको नाममा मालपोत कार्यालय जनकपुमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४५, १४४, १६३ र ५१० को क्षेत्रफल क्रमशः ०-९-१०, ०-७-१५, ०-७-५ र ०-२-४ विगाहा, धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-२-१३ विगाहा तथा धनुषा जिल्ला, बसहिया गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १८१७ को क्षेत्रफल ०-०-८ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# बागमती प्रदेशको २५ प्रतिशत मात्र बजेट खर्च

बागमती । बागमती प्रदेशको खर्च निराशाजनक देखिएको छ । प्रदेश सरकारले चालु आव २०८१/८२ को साउनदेखि फागुन महिनासम्ममा कूल बजेटको करिब २५ दशमलव ६२ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी इन्द्रराज सन्यालका अनुसार चालु आवका लागि प्रदेश सरकारले रु ६४ अर्ब ५४ करोड चार लाख ३१ हजारको बजेट ल्याएकामा आठ महिना सकिँदा रु १० अर्ब ५० करोड २९ लाख नौ हजार खर्च भएको छ । बजेटमध्ये चालुको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको उहाँको भनाइ छ । सो अवधिमा चालुतर्फ ३५ दशमलव २२ प्रतिशत र पुँजीगततर्फ १९ दशमलव ९४ प्रतिशत बजेट खर्च भएको छ ।



विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ४७ दशमलव ६९ प्रतिशत, प्रदेशसभा सचिवालयले ३८ दशमलव २२ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले नौ दशमलव ७९ प्रतिशत बजेट खर्च गरेको सूचना अधिकारी सन्यालले बताउनुभयो । चालु आवको दोस्रो चौमासिकसम्म चालु खर्च बढी हुने र पुँजीगत खर्च कम हुने गरेको छ । योजनाहरु कार्यान्वयनमा जान नसकेकाले खर्च कम देखिएको छ ।

### राजस्व सङ्कलन बर्सेनि घट्दो

बागमती प्रदेशको राजस्व सङ्कलन बर्सेनि घट्दै गएको छ । चालु आवको आठ महिनाको अवधिमा बागमती सरकारले लक्ष्यको ३८ दशमलव १३ प्रतिशत मात्र राजस्व सङ्कलन गर्न सकेको छ । सूचना अधिकारी सन्यालका अनुसार प्रदेश सरकारले राजस्व बाँडफाँडबाट रु २९ अर्ब ५५ करोड ८९ लाख राजस्व सङ्कलनको लक्ष्य राखेकामा सो अवधिमा लक्ष्यको ४७ दशमलव ०३ प्रतिशतअर्थात् रु १३ अर्ब ९० करोड २७ लाख ६८ हजार मात्र राजस्व सङ्कलन गरेको छ । यस्तै सङ्घीय सरकारबाट रु १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकामा चालु आवको आठ महिनामा लक्ष्यको ५२ दशमलव ५८ प्रतिशत अर्थात् रु आठ अर्ब १८ करोड ९९ लाख ६४ हजार अनुदान प्राप्त भएको छ ।

प्रदेश सरकारको आन्तरिक स्रोतबाट रु चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार राजस्व सङ्कलनको लक्ष्य रहेकामा सो अवधिमा लक्ष्यको ५२ दशमलव ४१ प्रतिशत अर्थात् रु दुई अर्ब ३७ करोड ८५ लाख ८८ हजार राजस्व मात्र सङ्कलन भएको सूचना अधिकारी सन्यालले बताउनुभयो । यसअघि अघिल्लो आवमा बागमती प्रदेशको राजस्व रु नौ अर्ब तीन करोड ३१ लाख २७ कम सङ्कलन भएको थियो । प्रदेश सरकारले आव २०८०/८१ मा राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त राजस्व, प्र्देश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्व र सङ्घीय सरकारबाट प्राप्त अनुदान समेतबाट रु ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार राजस्व सङ्कलन हुने अनुमान गरिएकामा ती सबै शीर्षकबाट रु ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार मात्र राजस्व सङ्कलन गर्न सकेको थियो ।

आव २०७९/८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व सङ्कलन गरेको थियो । रासस

# तरकारी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शनिबारका लागि कृषि उपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभेँडा ठूलो (नेपाली) प्रतिकिलो रु २२, गोलभेँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभेँडा सानो (तराई) प्रतिकिलो रु २२, आलु रातो प्रतिकिलो रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ५५, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु २५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु २५, मूला रातो प्रतिकिलो रु ४०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४५ तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु २०० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ५०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ७०, तिते करेला प्रतिकिलो रु १४०, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु १५०, घिरौला प्रतिकिलो रु ५०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु २०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २० तथा भिण्डी प्रतिकिलो रु १०० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४५, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ५०, पालुङ्गो साग प्रतिकिलो ७०, चमसुरको साग रु ३५, तोरीको साग प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ६०, प्याज हरियो प्रतिकिलो रु ४०, बकुला प्रतिकिलो रु ३०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १५०, च्याउ (डल्ले) प्रतिकिलो रु ३५० तथा कुरिलो प्रतिकिलो रु १००० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकिलो रु ४०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १५०, कोइरालो प्रतिकिलो रु १५०, रातो बन्दा प्रतिकिलो रु ६०, जिरीको साग प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ८०, गान्टे मूला प्रतिकिलो रु ५०, इमली प्रतिकिलो रु १६०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुकको मूल्य प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १५०, कागती प्रतिकिलो रु २७०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, सुन्तला (भारतीय) प्रतिकिलो रु १३०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु १५०, काँक्रो (लोकल) प्रतिकिलो रु ५०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु २५, निबुवा प्रतिकिलो रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २५० तोकेको छ ।रासस


## मालपोत कार्यालय मौलापुर, रौतहट
## ३५ दिने सार्वजनिक सुचना

जिल्ला रौतहट साविक गा. वि. स. इनरवारी वार्ड नं. २ हाल बौधीमाई न.पा. ३ मा बस्ने जयनारायण राउत कुर्मी र छोटेलाल प्रसाद पटेलले आमा बुबा नाता पर्ने कलसिया कुर्सीनी र वंश राउत कुर्मी को नाम दर्ताको तपसिलका जग्गा आफनो नाममा संयुक्त नामसारी गरी पाउँ भनी द.न. २४२४ मिती २०८१।०९।०२ गतेको माग निवेदन ।

**तपसिल**

| म.न.पा. | वडा नं. | कि.न. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| इनरवारी | ८ | २५९ | ०-४-१० | कलशिया कुमिनी |
| इनर्वा | ९ | २४ | ०-१२-५ | वंश राउत कुर्मी |
| इनर्वा | ८ | ४२२ | ०-१-१० | वंश राउत कुर्मी |

माथि उल्लेखित जग्गाको मोठ भिडान हुँदा एउटा श्रेस्तामा ज.ध. को नाम कलसीया कुर्मिनी, बतन इनरवारी बाबु रामजीवन राउत कुर्मी, बाजे खोभारी राउत कुर्मी मात्र उल्लेख रही जग्गाले विवरणमा वि. स. इनरवारी वडा नं. ८ कि.नं. २५९क्षे. ०-४-१० उल्लेख रही मोठ कायम रोक्का देखिदैन भनी उल्लेख भएको देखिन्छ । त्यस्तै अर्को मोठ श्रेस्तामा ज.ध. को नाम वंश राउत कुर्मी मात्र उल्लेख रही जग्गाको विवरणमा गा.वि.स. ईनरवारी वडा नं. ९ कि.नं. २४.क्षे. ०-१२-५ र वडा नं. ८ कि. नं. ४२२ क्षे ०-१-१० उल्लेख रही मोठ कायम रोक्का देखिदैन भनी उल्लेख भएको देखिन्छ ।

जिल्ला रौतहट बौधीमाई न.पा. ३ को च.नं. २६८ मिति २०८१-९-१गतेको पत्रबाट ज.ध. जिल्ला रौतहट गा.बि.स. ईनरवारी वार्ड नं. ९ हाल बौधीमाई न.पा. ३ मा बस्ने वंश राउत भन्ने रघुवंश राउत कुर्मीको २ पत्नी पचिया कुर्मिनी र कान्छी कलसिया कुर्मिती रहेकोमा यीनिहरु क्रमशः आफनो कालगतिले मिति ०५९/०९/१३, २०७०/०८/१३ र २०४५/१२/१५ गते प्रलोक भई मरुवा वंश राउत कुर्मी र कलसिया कुर्मीनीको नाममा बेग्ला बेग्लै दर्ता रहेको माथि उल्लेखित जग्गाहरुको शेषपछिको हकखाने सबभन्दा नजिकको हकदार जेठी पत्नी पचिया कुर्मिनीको कोखबाट जन्मेका एकमात्र छोरा छोटेलाल प्रसाद पटेल र कान्छी पत्नी कलसिया कुर्मिनीको कोखबाट जन्मेका एकमात्र छोरा जयनारायण राउत कुर्मी रहेकोले मृतक ज.ध.कलयिा कुर्मिनी र वंश राउत कुर्मीको नाम दर्ताको माथि उल्लेखित जग्गाहरु छोटेलाल प्रसाद पटेल र जय नारायण राउत कुर्मीको संयुक्त नाममा नामसारी गरिदिनको लागि लेखिआएकोमा उक्त जग्गा माग गर्नेको सो जग्गामा निज निवेदकहरुको हक पुग्छ कि पुग्दैन कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन उक्त जग्गा हाल कस कसको हकभोगमा रहेको छ ? निवेदकहरु र मृतकविच के नाता सम्बन्ध रहेको छ सो जग्गा कुनै किसिमले बिक्रीवितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? वंश राउत र रघुवंश राउत कुर्मा दुवै नाम थरका एउटै व्यक्ति हुन् कि फरक व्यक्ति हुन् ? मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन फरक पर्ने भए यस कार्यालयवाट प्रकाशित सुचनाको ३५ दिन भित्र बाटो को म्याद बाहेक स प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा कानुन बमोजिम भई जानेछ भन्ने व्यहोरा सर्व साधरणको लागी यसै सूचना द्धारा जानकारी गराइन्छ ।

# समाजसँग टाढिँदै गएको वीरगंज उद्योग बाणिज्य संघ

**अनिल तिवारी**

वीरगञ्ज । आफ्नो ४९ औं साधारणसभामा व्यस्त वीरगञ्ज उद्योग वाणिज्य संघ अहिले नयाँ नेतृत्व चयनको प्रक्रियामा छ । गत २८ फागुनमा संघीय सरकारका कानून न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले साधारणसभा उद्घाटन गरेयता संघमा कार्यकारणी सदस्य तथा पदाधिकारीको लागि आन्तरिक जोड घटाउ चलिरहेको छ ।

अध्यक्ष अनिल कुमार अग्रवालको तीन वर्षे कार्यकाल सकिएपछि उनको कार्य समितिमा बरिष्ठ उपाध्यक्ष रहेका हरि गौतम सहमतिका आधारमा नयाँ अध्यक्ष हुने भएका छन् । आइतबार संघको पदाधीकारी चयन हुन लागेको निर्वाचन समितिले जनाएको छ ।

देशको मुख्य व्यापारिक नाका तथा प्रमुख औद्योगिक क्षेत्रलाई प्रतिनिधित्व गर्ने वीरगञ्ज उद्योग वाणिज्य संघको नयाँ नेतृत्वमा सहरलाई चाँसो छैन । यहाँ रहेको ठाकुरराम बहुमुखी क्याम्पस वा नरसिंङ क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन जतिको पनि चर्चा पाउन सकेको छैन । बरु सहरमा रहेका जेसीस, रोटरी, नेपाल पत्रकार महासंघ, रेडक्रस, बार एशोसिएशनको अधिवेशन बारे मानिसहरुले चाँसो जनाउने र सरोकार व्यक्त गर्ने गरेको भेटिन्छ । तर, उद्योग वाणिज्य संघको विषयमा सहरको लागि सरोकारको विषय रहेन ।

संघमा यस अघि कार्यसमितिमा बसिसकेका एक व्यवसायीले भने, “वीरगंज उद्योग बाणिज्य संघमा निश्चित घरानाको मात्र हालिमुहाली भएपछि सरहका आम उद्यमी व्यवसायिको यसमा कुनै अपनत्व रहेन । यहाँका उद्योगी व्यवसायीहरुले बरु वीरगञ्ज उद्योग बाणिज्य संघनै विघटन गरे पनि हुन्थ्यो भन्छन्,” उनले भने, “सहरसंग, यहाँको समाजसंग र समाजका अंगहरुसंग यो संस्थालाई मतलब छैन, यहाँका करिब ९० प्रतिशत उद्योगी ब्यबसायिहरु संघको साधरण सदस्य समेत बन्न नपाइने, संघमा आवद्ध हुन नपाइने भएपछि यस्तो हुनु स्वभाविक हो ।




संघको प्रकाशनहरुमा वीरगञ्ज क्षेत्रमा करिब साढे २ हजार उद्योग तथा कलकारखाना रहेको उल्लेख पाइन्छ । यस बाहेक वाणिज्य कार्यालय अन्तरगत दर्ता भएका हजारौं फर्महरु व्यपारिक प्रतिष्ठान तथा पसलका रुपमा संचालित छन् । कम्तिमा पाँच हजारसधारण सदस्य हुनुपर्ने संस्थामा अहिले मात्र ६१२ जना सधारण सदस्य छन् ।

करिब ८८ प्रतिशत उद्योगी व्यवसायि संघमा अँटाएका छैनन् । कारण निश्चित घारानाका अगुवा र तिनका छोराहरुलाई कार्यसमितिमा र पदाधिकारीमा पुस्तैनी रुपमा राखि राख्न आम उद्योगी व्यवसायिलाई सदस्यता नै नदिने गरेको एक जना घरेलु उद्योगका संचालकले बताए ।

> “संघको सदस्यताको आबेदन दर्ता गरेर शुल्क लिने तर सदस्यता भने प्रदान नगर्ने वा ती घरानाका सिस्टर कन्सर्नहरुलाई मात्र सदस्यता प्रदान गरिने गरिन्छ, कयौंको त शुल्क समेत फिर्ता गरिदैन,” उनले भने, “सदस्यहरुलाई संघको अधिबेशनमा भोटिङ राइट हुने हुँदा सदस्यतामैं छेकवार गरिएको हो ।”

“संघको सदस्यताको आबेदन दर्ता गरेर शुल्क लिने तर सदस्यता भने प्रदान नगर्ने वा ती घरानाका सिस्टर कन्सर्नहरुलाई मात्र सदस्यता प्रदान गरिने गरिन्छ, कयौंको त शुल्क समेत फिर्ता गरिदैन,” उनले भने, “सदस्यहरुलाई संघको अधिबेशनमा भोटिङ राइट हुने हुँदा सदस्यतामैं छेकवार गरिएको हो ।”

साधरण सदस्यले मतदाता हुने र उसले पनि संघको निर्वाचनमार्फत कार्यसमिति सदस्य बन्न सक्ने भएपछि यस्तो गरिएको देखिन्छ । ३५ जना कार्यसमिति सदस्य भित्रैबाट अध्यक्ष उपाध्यक्ष लगायतका पदाधिकारीहरुमा निर्बाचित हुने हुँदा निश्चित केही ब्यपारिक घरानाभन्दा बाहिरका व्यक्ति नपुगोस भनेर स्थापित व्यवसायी र उद्यमीहरुलाई समेत सदस्यता प्रदान गरिदैन ।

वीरगञ्ज उद्योग बाणिज्य संघको कार्यकारिणी समितीमा पुर्ब अध्यक्ष एवं पदाधिकारीहरुका छोराहरुलाई स्थापित गराउन केन्द्रित हुन्छ, संघका सधारणसभा । अहिलेको कार्यकारिणी समितिमा पुर्ब अध्यक्षहरु पूर्वअध्यक्ष बाबुलाल चाचान, सत्यनरायन रुङटा, अशोक बैध, गणेश लाठ, अशोक टेमानी, सुबोध गुप्ता र निबर्तमान अध्यक्ष अनिल अग्रवालका नाती, छोरा र भसतजाहरुलाई भर्ना गरिएको छ ।

पछिल्लो समयमा बिदेशबाट नेपालमा आयात गरी ल्याइएका समानलाई यहाँको उत्पतिको प्रमाणपत्र दिने र त्यस माध्यमले सार्क मुलुकहरुमा बस्तु निर्यात गरेर सरकारबाट इन्सेन्टीभ असुल गर्ने खेलमा वीरगन्ज उद्योग वाणिज्य संघ अग्रणी छ ।

यहाँबाट छाला उत्पतिको प्रमाणपत्र लिएर निकासी हुने गाडिबाट तस्करीको मरिच भेंटिएको घट्ना लगायत अनेक उद्हारण भेंटिन्छन्। अबैधलाई बैध गराउने र तस्करी तथा हुण्डि जस्ता गैरकानूनी गतिविधिलाई संस्थागत संरक्षणमा भुमिका समिति भएको संघ पछिल्लो समयमा समाजसंग कट्दै गएको छ ।

अघोषित सिण्डिकेटभन्दा बाहिरको व्यक्ति भित्रिएमा संघको आवरणमा संचालित केही सिमित उद्योगी व्यवसायिको कमाई खाने धन्दामा समस्या उत्पन्न हुने हुदा सदस्यतामा छेकवार उनीहरुको बाध्यता रहेको जानकारहरु बताउछन् । पर्सा जिल्लामा सरुवा भएर आउने उच्च पदस्थ सरकारी कर्मचारीहरुको स्वागत र बिदाइ जस्ता चाप्लुसीमुखी गतिविधिमा संघ केन्द्रित देखिन्छ ।

# संघीयताले देशको अर्थतन्त्रलाई कमजोर पारेको लिङ्देनको दाबी



**टुडे समाचारदाता**


जनकपुरधाम । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले देशलाई बर्बाद हुनबाट जोगाउनका लागि मुलुकको वर्तमान व्यवस्था परिवर्तन गर्नु आवश्यक रहेको बताएका छन् ।

जनकपुरधाममा शनिबार आयोजित विरोधसभामा बोल्दै अध्यक्ष लिङ्देनले वर्तमान संघीय लोतकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको विकल्प खोज्नु पर्ने अवस्था आइसकेको बताए ।

उनले देशलाई बर्बादीबाट जोगाउन अभिभावकीय रुपमा राजालाई राखेर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था मात्रै नेपालकालागि उत्तम व्यवस्था हुने बताए । उनले यसका साथै संसदमा समेत पूर्ण समानुपातिक व्यवस्था राखेर सांसदहरुलाई मन्त्री नहुने व्यवस्था लागु गर्नुपर्ने बताए । सांसदलाई मन्त्री नबनाएर ऐन कानून बनाउने मात्रै जिम्मा दिइए देशमा भ्रष्टाचार पनि कम हुँदै जाने उनले बताए । उनले कांग्रेस, एमाले, माओवादी तथा मधेशवादी दलका नेताहरुले नेपाली जनताको मतको दुरुपयोग गरेको आरोप समेत लगाए ।

एक अर्को प्रसंगमा लिङ्देनले संघीयताले देशको अर्थतन्त्रलाई कमजोर पारेको दाबी गर्दै नेपाली नेपालीबीच विभाजनको फाँटो हाल्ने अस्त्र रहेको उनले आरोप लगाए ।

# श्री ५ हरु के अर्थमा श्री ३ थिएनन् र श्री ३ हरु के मानेमा श्री ५ थिएनन् ?



जयप्रकाश प्रसाद गुप्ता आनन्द


मैले गिरिजा बाबुको स्मृति दिवसको मौकामा यो पोष्ट गरिन, अरूहरूका पोष्टको अध्ययन गरेर बसे । राप्रपाका रबिन्द्र मिश्रदेखि गिरिजा बाबुको बिरासत थाम्ने परिवारका सदस्यहरूको समेत। केही सान्दर्भिक, कतिपय अत्यन्त अतिरञ्जित तथा उपव्याख्या गरिएको । मलाई लाग्छ, पुराना कुराहरू ‘ तथ्य’ हरूको संयोजन तथा प्रमाणका साथ लेखिँदा इतिहास हुन्छ । असत्य, अर्ध सत्य एवं अज्ञानतालाई टेकेर भावावेशमा लेखिएका कुराहरू प्रोपेगण्डा मात्र हुन्छ । यस आधारमा हामी सबैले आ-आफ्ना लेखाइको स्वमूल्यांकन गर्नु नै हुनेछ । गिरिजा प्रसाद कोइराला वा समकालीन राजनीतिज्ञहरू कोही त्रुटिरहित देवता त हैनन् । विचारणीय कुरा के भने, हरेक व्यक्तिको योगदानको महत्व, तिनको गुण र दोषको मात्राको हो ! जस्तो कि, गिरिजा प्रसाद कोइरालाले नेपालमा गणतन्त्र स्थापनाको नेतृत्व गर्नु भयो । यस निम्ति उहाँले नेपाली काँग्रेस पार्टीलाई नै बैचारिक रूपमा रूपान्तरित गराउनु भयो । बि.स. २००४ सालदेखि संवैधानिक राजतन्त्रको पक्षमा रहेको पार्टीलाई गणतन्त्रको नेतृत्वकर्ता र बाहक बनाउनु भयो । यस निम्ति सशस्त्र द्वन्द्वमा रहेका माओवादीलाई उहाँले शान्ति प्रक्रियामा ल्याउनुका साथै, गणतन्त्र स्थापनाको उद्देश्यका लागि सहयात्री हुन सहमत गराउनु भयो ।

त्यस बखतका कतिपय कुराहरू आज सार्वजनिक भइ सकेको छ । माओवादीलाई उपयोग गरेर राजा ज्ञानेन्द्रले खेल्न चाहेको खेल जगजाहेर छ । माओवादी द्वन्द्वको पछिल्लो बखतको राजनीति दुई ध्रुवमा विभाजित थियो । राजाको प्रयत्न थियो-माओवादीलाई साथ लिएर सात दल, बिशेषतः नेका तथा एमालेलाई समाप्त पार्ने । यसका जानकार गिरिजा प्रसाद कोईरालाका लागि-राजाको प्रजातान्त्रिक शक्तिलाई समाप्त पार्ने मनशायलाई असफल पार्न माओवादीको साथ लिएर गणतन्त्रको दिशामा जानुको बिकल्प थिएन । राजा आफ्नो कुटिल एवं कृतघ्न प्रयासमा सफल हुनु भएन, यसको सफलता गिरिजा बाबुलाई प्राप्त भयो। आज यसैमा गिरिजा प्रसादको आलोचना गरिन्छ । आलोचना गर्ने राजावादीहरू तथा इतिहासका तथ्यहरू प्रति निरपेक्ष अज्ञानीहरू शायद यस तथ्यको हेक्का राख्दैनन् कि यदि राजा सफल भएको भए मुलुकका सबै भन्दा ठुलो, पुरानो प्रजातान्त्रिक शक्ति यिनको लागि सहानुभूतिका हकदार हुदैन्थ्यो होला । मेरो विचारमा जनता र संवैधानिक राजतन्त्रका पक्षधर एक निष्ठावान प्रजातान्त्रिक शक्तिका प्रति ऐतिहासिक रूपमा कृतघ्न रहेका राजतन्त्रका प्रति न्याय थियो- मुलुकमा गणतन्त्रको स्थापना । यस अर्थमा बि.स. २००७ साल पछिको युगान्तकारी परिवर्तन गराउने श्रेय गिरिजा प्रसादको लागि सुरक्षित रहेको छ ।

हाम्रो अभिमानी समाज, अग्रजहरूको स्तुति गर्ने समाज नायकहरूको योगदानमा कतिको कृतज्ञ छ त ? हामी समग्रमा अरूको योगदानहरूलाई कतिको अभिनन्दन गर्छौ त ? यता पनि ध्यान जानु पर्ने हो । गिरिजा बाबुको बारेमा प्रतिकृयाहरू लेखिदा कतिपय बन्धुहरूले यता ध्यान नपुऱ्याएको जस्तो लाग्छ । मन मानेन, अनि आज यो पोष्ट राखेको छु । सबैले बुझ्नु पर्ने हुन्छ कि गिरिजा बाबु नेपाली राजनीतिका गेम चेन्जर होइन, कोर्ष चेन्जर हो । भलै, आज उहाँले बदलेको ‘कोर्श’ संग केही सहमत न होउन् ।

बीपी कोईरालाको वि.स. २०२६ पछिको भारत प्रवासका दौरान उहाँले मुखपत्रको रूपमा ‘तरूण’ को प्रकाशनको व्यवस्था गर्नु भयो । तरूणको सम्पादक चक्र बास्तेला र सुशील कोइराला, व्यवस्थापक वीरेन्द्र दाहाल हुनुहुन्थ्यो । तर, पहिलो सम्पादकीय बीपी कोइराला स्वयंले लेख्नु भएको थियो । आ-आफ्नो समयमा शैलजा आचार्य, प्रदीप गिरी, तुलसी प्रसाद भट्टराईजीहरू पनि कुनै न कुनै रूपमा संलग्न रहनु भयो ।

त्यस बखत कलकत्तामा रहनु भएका सूवर्ण शम्सेर जीसंग बीपीको कार्यनीतिक फरक धार बनेको थियो । यदि नेपाली काँग्रेसले व्यवस्थामै परिवर्तनको नेतृत्व गर्न सकेन भने यस पार्टीको कुनै औचित्य रहदैन । बरू विघटन गरिदिए हुन्छ । पञ्चायतको यथास्थितिलाई समर्थन भनेको त त्यस राजनीतिक व्यवस्थामा केही मानिसहरूको स्थानलाई सुरक्षित गर्नु मात्र हुनेछ । बस् यतिको लागि ऐतिहासिक नेपाली काँग्रेसलाई कदापि पनि उपयोग गर्नु हुन्न् भन्ने बीपीको मान्यताले पार्टी भित्र अलग धार जन्माएको थियो- त्यसैको स्पष्ट अभिव्यक्ति दिनका लागि मुखपत्र “तरूण”को पहिलो



अंकको सम्पादकीय बीपी स्वयंले लेख्ने कुराबाट प्रवासमा ठूलो कौतुहलता जन्माएको थियो-के लेख्नु हुन्छ भनेर। अबको बाटो के हुने ?

“मेरो बोल्ने मुखलाई न थुन, नयाँ नेपालको अभिव्यक्ति दिनेछ मेरो मुखले ।”

“मेरो कलमलाई न समाऊ, नयाँ नेपालको मार्गचित्र कोर्ने छ मेरो कलमले ।”

मेरो हिडने गोडाहरूलाई न छेक, नयाँ नेपालको बाटो पैल्याउने छ मेरा गोडाहरूले ।”

राजनीतिक दलको स्वतन्त्रता र बहुदलीय संसदीय व्यवस्थाको आवश्यक्ता अपरिहार्य हो भने कुराको सरस अभिव्यक्ति दिने यी पंक्तिहरूका साथ सम्पादकीय लेखि प्रकाशित भएको “तरूण”ले एकै पटक पुरै देशका तन्नेरी युवाहरूलाई स्पन्दित गरेको थियो। दिग्भ्रमितता हटेको थियो । यसबाट नेकामा राजासंग सम्झौताको लाइन कमजोर हुन गयो। हजारौ मानिसहरू जेलमा कोचिएका थिए । लामो जेल बसाईलाई निरूद्देश्य ठान्न लागेका त्यसबेला जेलहरूमा रहेका नेता, कार्यकर्ताहरूमा एक्कासी आफूहरू निश्चित उद्देश्यका लागि थुना परेको र अझै लामो समयसम्म झ्यालखानामा रहनु परे पनि रहने उत्साह जागेर आएको थियो । वास्तवमा सूवर्ण जी स्वयं र उहाँका साथमा रहेका नेता कार्यकर्ताहरू पनि व्यवस्था परिवर्तनका लागि उत्तिकै प्रतिवद्ध हुनुहुन्थ्यो । तर, दुई शिर्षस्थ नेताका बीचको स्पष्टता सबैले चाहेका थिए ।

ती दिनलाई सम्झेर चक्रजीले मलाई भन्नु भाथ्यो-“बुझ्यौ ! केही पंक्तिहरूको ति लेखाईले त मरेको मुर्दाहरूमा पनि साँस जगाई दिएको थियो । वास्तवमा ति पंक्तिहरू मात्र थिएन- नेपाली काँग्रेसको नेपाली समाजका बारेमा प्रतिवद्धता तथा परिवर्तनका सपना पो झल्किएको थियो बीपीको लेखाईबाट !” चक्र जीको मान्यता थियो, बीपीले नेपाली काँग्रेसको परम्परागत धारणाहरूमा फेरी पनि प्रतिवद्धता जनाउनु भयो । राजासंगको सहयोगको वातावरण बनाउदै जाने सोच क्रमशः मथ्थर भएर गयो।

राजनीतिमा अडान भनेकै सुस्पष्ट यात्रको शुभारम्भ हो ।

राजनीतिमा सपना भनेकै परिवर्तनका कार्यक्रमहरू हुन्छ । अग्रगामी परिवर्तनका ! बृद्ध बाबुले आफुले रोपेको बाली भिर्त्याउन नपाउदै परलोक गएको खण्डमा छोराले ती बाली घर भित्र्याउनुलाई राजनीतिक अर्थमा सपना पुरा गरिएको मानिदैन। राजनीतिका सपना भनेको सदैव यथास्थितिलाई वास्तविक परिवर्तनमा रूपान्तरित गर्नु हो ।

गिरिजा प्रसाद कोइराला बि.स. २०३७ को जनमत संग्रहपछि नेपाली राजनीतिमा सर्वथा गलत अध्ययन गरिएको व्यक्ति पनि हो । राजा वीरेन्द्रले “म पनि विकल्प खोज्छु, तिमी पनि खोज” भनेको कुरालाई गिरिजा प्रसाद सुस्तरी दरबारको धारमा गयो भनि योजनावद्ध चर्चा गरियो। बि.स. ०४२ को सत्याग्रह हुनु पूर्व जनजीविकाको समस्याहरूलाई आधार मानेर राजा समक्ष पेश गर्न आम जनताको हस्ताक्षर संकलन गर्ने उहाँको अग्रसरतालाई “प्रजातन्त्रको भीख माग्न कोईरालाको विन्तिपत्रे राजनीति” भनियो । यस्ता घटनाहरूको स्मरण लामै हुन्छ । शाही सत्ताकालमा संसदको पुनर्स्थापनको कोईरालाको अडानलाई अधिकांशले अभेद्य पर्वत उपरको प्रहार भनेको हामीले बिर्सेका छैनौं । जीवनको अन्तिम कालमा पनि उहाँलाई राष्ट्रपति पदको लोभी नै भनियो। तर, २०४६ चैत्रमा यदि गणेशमान सिंहको अडान नरहेको भए तेस बेला संसदीय व्यवस्था आउने थिएन, यसरी नै संसद पुनर्स्थापनको मागमा गिरिजा प्रसाद कोईरालाको अविचलित अडान नरहेको भए शायद राजनीतिको मोड अन्यत्रै मोडिने थियो होला ।

आज यो तथ्य धेरैलाई अपत्यार लाग्न सक्छ कि गिरिजा प्रसाद कोईरालाले योजना मिलाएरै मुलुकमा गणतन्त्रको घोषणा गराउनु भएको हो । यो उहाँको अभिष्ट थियो । शाही सत्ताको समयमा दरबारमा आयोजित एक बैठकमा राजा ज्ञानेन्द्रले बद्री मंडलबाट उहाँको बेइज्जत गराए पश्चात सांझ पख उहाँको उपमानबोधलाई आफ्नै आँखाले देख्नेहरू ठम्याउनेहरूले मात्र त्यसको गूढ थाहा पाउन सक्छ । नभएको गणतन्त्रको एजेण्डा कहाँबाट आयो भनी सात दलको सात सूत्रीय समझदारीमा आँखा घोत्ल्याउनेहरूले यो थाहा पाउन सक्दैन ।

श्री ३ को शासन कालमा त्रिपुरेस्वर धर्मशालाबाट गुन्द्रीमा राखिएको पिता जी कृष्ण प्रसाद कोईरालाको मृत देहलाई तानेर निकाल्नु परेको दिन गिरिजा प्रसाद कोइरालाको मनमा उठेको एक प्रश्न कि श्री ३ के अर्थमा राजा होइन ? र, प्रजातन्त्र स्थापनाको लामो संघर्षमा धेरै मानिसहरूको राजाको निर्देशनमा नृशंसता पूर्वक हत्या गरिँदा श्री ५ हरू के चरित्रगत तथा आधार भूत फरकले श्री ३ होइनन् ? दरो गरी गिरिजा बाबुको मनमा घर बनाएर बसेको यस प्रश्नको जवाफ गणतन्त्रको घोषणा गर्न लगाएर उहाँले पाउनु भएको थियो ।

# असिना-पानीले अन्नबालीमा क्षति

**टुडे समाचारदाता**

रौतहट । रौतहटको बृन्दावन, चन्द्रपुर, गढीमाई लगायतका क्षेत्रमा परेको हावाहुरी, असिनापानीले मकै, गहुँ, तरकारी, फलफूल लगायत बालीमा क्षति पुगेको छ ।

शनिबार बिहान २ बजेतर्फ चलेको हावाहुरीसहितको असिनापानीले किसानका बालीमा क्षति पुगेको छ । मकै, गहुँ, ढलेका छन् भने पाकिसकेको गहुँमा बढी क्षति पुगेको वृन्दावनका किशान जोगेन्द्र साहले बताए । आफ्नो १० कठ्ठामा लगाएको गहुँबालीमा क्षति पुगेको उनले बताए ।

क्षतिको विवरण र क्षतिपूर्तिका लागि सांसद देवप्रसाद तिमल्सिना, युवराज भट्टराई र पूर्वसांसद कल्याणी खड्काले सरकारसँग माग राखेका छन् ।

अहिलेसम्म कुन पालिकामा कति क्षति भयो भन्ने विवरण आइनसकेको जिल्ला प्रहरीका डीएसपी दीपककुमार रायले जनाए ।

# विद्यालय परिसरमै घर बनाए पछि पठनपाठन ठप्प

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको हँसपुर नगरपालिकामा नकेपा माओवादी केन्द्रका नेता कार्यकर्ताहरु पाँचदिनदेखि धर्नामा बसेका छन् ।

जिल्लाको हँसपुर नगरपालिका वडा नम्बर ६ सोनिगामास्थित सामुदायिक विद्यालय परिसरमा नै घर बनाएर विद्यालय कब्जा गरेको भन्दै सो जग्गा तत्काल खाली गराउन माग गर्दै हँसपुर नगरपालिकाको गेट अगाडि नै धर्नामा बसेका छन् ।

हँसपुरका मेयर प्रदीप यादवले हँसपुर नगरपालिकाको कार्यापालिकाबाट गरेको विद्यालय परिसर खाली गराउने निर्णय लागू नगरेसम्म अनिश्चितकालीन धर्ना पाँचौ दिन पनि माओवादीका नेता तथा कार्यकर्ताहरुले निरन्तरता दिएका छन् ।



बुधबार मेयर यादवलाई ज्ञापन पत्र बुझाउन गएका नेता कार्यकर्ताहरुले विद्यालय परिसर मात्र खाली गराउने तत्काल सम्झौता गरिए तालाबन्दी खोल्न गए पनि मेयर यादवले विद्यालय परिसर खाली गराउने निर्णय तत्काल लागू नगर्ने भनेपछि आफूहरुले धर्नामा बसेको नेता सुनिल यादवले जानकारी दिए ।

विभिन्न ३० बुँदे माग राख्दै नेकपा माओवादी केन्द्र हँसपुर नगर कमिटीले मेयरलाई ज्ञापन पत्र बुझाएको थियो । उनीहरुसँग मेयर यादवले वार्ता गरे पनि विद्यालयको परिसर तत्काल खाली गराउने पक्षमा नदेखिएको उनीहरुको भनाइ छ ।

विद्यालय परिसर नै कब्जा गरी घर बनाएर केही स्थानीयवासीहरु बस्न थालेपछि विद्यालयको पठनपाठन पनि प्रभावित भएको छ ।

तर यसतर्फ भने सरोकारवालले ध्यान नदिनु दुःखद रहेको हँसपुर नगरपालिकाको कार्यपालिका सदस्य राजेश पासवानले जानकारी दिए ।

**पानीको स्रोतको संरक्षण गरौं ।**

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुँवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणबारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८